# रामलाल अधिकारीको निबन्धकारिताको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
नेपाली केन्द्रीय विभागको एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

# शोधपत्र

शोधार्थी
उपेन्द्रप्रसाद पोखेल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६३

# मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्कायअन्तर्गत नेपाली एम्.ए. दोस्रो वर्षका विद्यार्थी श्री उपेन्द्रप्रसाद पोखरेलले 'रामलाल अधिकारीको निबन्धकारिताको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६३/०८/

.......................................
(कृष्णप्रसाद आचार्य)
उप-प्राध्यापक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**
**नेपाल केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र श्री उपेन्द्रप्रसाद पोखरेलले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) मा नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि गर्नुभएको 'रामलाल अधिकारीको निबन्धकारिताको अध्ययन' नामक शोधपत्र स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख, प्रा. घनश्याम उपाध्याय काडेल ..................................

२. शोधनिर्देशक, उप-प्रा. कृष्णप्रसाद आचार्य ...................................

३. बाह्य परीक्षक, ...................................

मितिः २०६३/०८/

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय शोधनिर्देशक श्री कृष्णप्रसाद आचार्यज्यूको निर्देशनमा तयार गरेको हु । शोधकार्यका सन्दर्भमा आइपरेका विभिन्न समस्याहरूसाग जुभ्न आफ्नो व्यस्त समयको पनि वास्ता नगरी उत्साहपूर्वक प्रेरणा, आवश्यक निर्देशन दिदै अपूर्व सहयोग गर्नुहुने निर्देशक गुरुमा म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै सामग्री सङ्कलन गर्न सहयोग पुऱ्याउनु हुने र रामलालका बारेमा जानकारी दिनु हुने श्री र एल.एन. शर्मा प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

शोध लेखनका क्रममा बारम्बार हौसला र उत्साह प्रदान गर्नुहुने गुरुहरू श्री दयाराम श्रेष्ठ, खगेन्द्र लुइटेल र शोध सामग्रीसङ्कलनका लागि मार्ग दर्शन दिनु हुने गुरु श्री राजेन्द्र सुवेदीप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । सामग्री सङ्कलन गर्न र सामग्रीको व्यवस्थापन गर्न सहयोग पुऱ्याउने मेरा मित्रहरू उमेश पोखेल, राजनप्रसाद पोखरेल, घनश्याम घिमिरे, कमल खत्रीप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दु । शोधपत्र तयार गर्नमा पटक पटक सल्लाह र सुभाव दिनुहुने जगदीश गैरे तथा शोध लेखनमा सहयोग गर्ने भाई गोपाल पोखेल र मुकुन्द पोखेललाई पनि हार्दिक कृतज्ञता प्रकट गर्छु ।

यस शोधपत्रलाई टङ्कन गरेर आवश्यक स्वरूप प्रदान गरिनिदु हुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका मित्र जितेन महर्जनलाई पनि हार्दिक धन्यवाद दिन्छु ।

मितिः २०६३/०३/

.........................................
उपेन्द्रप्रसाद पोखेल
स्नातकोत्तर तह, दोस्रो वर्ष
समूह २०६०/०६२
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

# विषयसूची

पृष्ठ

पहिलो परिच्छेदः शोधपरिचय **१(४**

१.१ विषय परिचय/शोध शीर्षकको परिचय १

१.२ शोधको प्रयोजन १

१.३ समस्याकथन १

१.४ शोधको उद्देश्य २

१.५ पूर्वकार्यको समीक्षा २

१.६ प्राक्कल्पना ३

१.७ अध्ययनको औचित्य महत्त्व र उपयोगिता ३

१.८ अध्ययनको सिमाङ्कन ४

१.९ सामग्रीसङ्कलन र शोधविधि ४

१.१० शोधपत्रको रूपरेखा ४

दोस्रो परिच्छेदः निबन्धको सैद्धान्तिक परिचय **५(१९**

२.१ निबन्धको परिचय ५

२.२ निबन्धको वर्गीकरण ६

२.२.१ परात्मक (वस्तुपरक) ६

२.२.२ निजात्मक निबन्ध ७

२.३ निबन्धका तत्त्वहरू ८

२.३.१ विषयवस्तु ९

२.३.२ भाषाशैली १०

२.३.३ उद्देश्य ११

२.४ नेपाली निबन्धको विकासक्रम ११

२.४.१ पृष्ठभूमिकाल ११

२.४.२ नेपाली निबन्धको आधुनिककाल १४

तेस्रो परिच्छेदः रामलाल अधिकारीको जीवनी **२०(२८**

३.१ जन्म र जन्मस्थान २०

३.२ साहित्यिक नाम २१

३.३ पारिवारिक पृष्ठभूमि २१

३.३.१ बाल्यकाल र चुडाकर्म २२

३.४ शिक्षा र स्वास्थ्य २२

३.४.१ प्रारम्भिक अध्ययन र शिक्षाको क्रमिक विकास २२

३.४.२ स्वअध्ययनको प्रसङ्ग २४

३.४.३ सम्पादन र प्रकाशन २४

३.५ साहित्य लेखन २५

३.५.१ लेखनका निम्ति प्रेरणा र लेखनकार्य २५

३.५.२ लेखन प्रारम्भ २६

३.५.३ पुस्तकाकार कृतिको विवरण २७

३.६ सम्मान तथा पुरस्कार २८

चौथो परिच्छेदः **रामलाल अधिकारीको निबन्ध यात्रा** **२९-६९**

४.१ नेपाली निबन्ध परम्परामा प्रवेश २९

४.२ रामलालको निबन्ध यात्राको चरण विभाजन ३०

४.२.१ पहिलो चरणः सन् १९५९ देखि १९७३ सम्म ३१

४.२.२ दोस्रो चरण (१९७३-१९७६) ३२

४.२.३ तेस्रो चरण (१९७६-२००५) ३४

४.३ रामलाल अधिकारीको निबन्धकारिताको विश्लेषण ३५

४.३.१ भोकाएको कुकुर के भन्छ ? निबन्ध सङ्ग्रहको विश्लेषण ३६

४.३.२ रविसप्तमी निबन्ध सङ्ग्रहको अध्ययनः ४१

४.३.३ अलौटा र ठेट्ना निबन्ध सङ्ग्रहको अध्ययनः ४५

४.३.४ निसंस्मरण निबन्धसङ्ग्रहको विश्लेषण ५३

४.३.५ 'भैरवको भूत' निबन्ध सङ्ग्रहको विश्लेषण ६०

४.४ रामलाल अधिकारीको निबन्धगत प्रवृत्तिको विश्लेषण ६६

पाँचौं परिच्छेदः **उपसंहार** **७०-७२**

**सन्दर्भग्रन्थ सूची** **७३-७५**

# सङ्क्षेपीकरण

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| सम्पा. | सम्पादक |
| पृ. | पृष्ठ |
| वि.सं. | विक्रम सम्वत् |
| द्वि.सं. | द्वितीय संस्करण |
| तृ.सं. | तृतीय संस्करण |
| डा. | डाक्टर |
| क्र.सं. | क्रम सङ्ख्या |
| एल.एन | लेखनाथ |
| एस.एल.सी | स्कूल लिभिङ्ग सर्टिफिकेट |
| ...... | निरन्तरता |
| ( ) | विकल्प बोधक |
| ‘ ’ | शीर्षक बोधक |
| → | क्रमशः बोधक |
| ” | निरन्तरता बोधक |

## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ विषय परिचय/शोध शीर्षकको परिचय

यस शोधपत्रको शीर्षक 'रामलाल अधिकारी' को निबन्धकारिताको अध्ययन रहेको छ । साहित्यका विभिन्न विधामा कलम चलाउने रामलाल अधिकारीको विशेष ख्याती निबन्ध र समालोचनामा छ । अधिकारीका निम्न लिखित छ निबन्ध सङ्ग्रह प्रकाशित छन् ।

१. भोकाएको कुकुरले के भन्छ ?

२. रवि सप्तमी १९७३ सन्

३. निसंस्मरण १९९५ सन्

४. अलौटा र ठेट्ना १९७६ सन्

५. विदित-अविदित १९९८ सन्

६. भैरवको भूत २००१ सन्

यस शोधपत्रमा रामलाल निबन्ध लेखनका चरणगत वैशिष्टता भाषाशैलीगत विशेषता र विषय क्षेत्रगत प्रवृतिलाई केलाइएको छ ।

### १.२ शोधको प्रयोजन

यस शोधको प्रयोजन त्रिभुवन विश्वविद्यालय अन्तर्गत एम.ए. नेपाली दोस्रोवर्षको दशौंा पत्रको अध्ययन पूरा गर्नु रहेको छ ।

### १.३ समस्याकथन

- रामलाल अधिकारीका निबन्धहरूको चरणगत प्रवृत्ति के-के हुन ?
- रामलाल अधिकारका निबन्धले समेटेको विषय क्षेत्रहरू के-के हुन् ?
- रामलाल अधिकारीका निबन्धमा प्रयुक्त भाषाशैली के कस्तो छ ?

### १.४ शोधको उद्देश्य

- रामलाल अधिकारीका निबन्धहरूको चरणगत प्रवृत्ति के-कस्ता छन् केलाउने,

- रामलाल अधिकारीका निबन्धले समेटेका विषयवस्तुको क्षेत्र केलाउने,
- रामलाल अधिकारीका निबन्धमा प्रयुक्त भाषाशैलीको विश्लेषण गर्ने ।

## १.५ पूर्वकार्यको समीक्षा

निबन्धकार रामलाल अधिकारीका विषयमा यसपूर्व पनि विद्वानहरूले धेर थोर मात्रामा चर्चा गरेको पाइन्छ जुन यसप्रकार छन् :-

१. राजेन्द्र सुवेदीले 'स्रष्टा सृष्टि' साझा प्रकाशन काठमाडौंबाट प्रकाशित पुस्तकमा निबन्धकार रामलाल अधिकारीका विषयमा चर्चा गर्दै भनेका छन् : "सरल संरचनात्मक तथ्यमा निबन्ध निर्माण गर्ने अधिकारीका निजात्मक भाव र निर्माणात्मक चेतनामा चिन्तनको भाव क्रमिक रूपमा विकास भएको छ ।"

२. तारानाथ शर्माले नेपाली निबन्धको पच्चीस वर्षमा रामलाल सरल भाषामा आत्मपरक निबन्ध लेख्ने निबन्धकार हुन् भनी चर्चा गरेका छन् । यसैक्रममा शर्माले भनेका छन्, "सरल भाषामा चाखलाग्दो निबन्ध लेख्ने अधिकारीले शैलीले मन तान्छ ।"

३. घनश्याम नेपालको बनारस हिन्दू विश्वविद्यालयबाट प्रकाशित 'निबन्ध नन्दनको' भूमिकामा रामलालको निबन्धकारिताको चर्चा गरेका छन् । तर उक्त पुस्तकको भूमिकामा रामलालको सम्पूर्ण निबन्धगत प्रवृत्तिलाई समेटिएको छैन ।

४. असिम राईले 'भारतीय नेपाली साहित्यको विकासक्रम' मा रामलाल अधिकारीको निबन्धकारीतालाई प्रस्तुत गरेका छन् तर यसमा उनको निबन्ध यात्राको चरणगत वैशिष्टतालाई केलाइएको छैन ।

५. अधिकारीको निबन्धगत प्रवृत्तिलाई लक्ष्य गर्दै राजेन्द्र सुवेदीले 'केही समीक्षा केही विश्लेषण' मा भनेका छन् "भाषा र भावको सहज वा

हार्दिकता र संरचनात्मक सरलतामा निबन्धको निर्माण गर्ने अधिकारीमा निजात्मक भाव र चिन्तनको पर्याप्तता रहेको देखिन्छ ।"

६. मिलन प्रधानद्वारा प्रस्तुत एम्.ए. को शोधपत्र 'साहित्यकार रामलाल अधिकारीको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन' २०५० मा रामलालको निबन्धगत प्रवृत्ति केलाउदै निबन्ध लेखनमा जीवनीबाट परेको प्रभावको चर्चा गरेका छन् ।

यसरी माथि उल्लेखित विद्वानहरूले धेरथोर रूपमा रामलाल अधिकारीको निबन्धकारितामाथि चर्चा गरे पनि उनका निबन्ध यात्राको चरणगत विशेषता, निबन्धमा प्रयुक्त भाषाशैली र विषय क्षेत्रलाई पूर्णरूपले नसमेटिएकाले यो अभावलाई पूरा गर्न शोधपत्र लेख्नु आवश्यक छ ।

### १.६ प्राक्कल्पना

- निबन्धकार रामलाल अधिकारी नेपाली निबन्ध यात्राका आत्मपरक र हास्य व्यङ्ग्यका निबन्ध लेख्ने व्यक्ति हुन् ।
- निबन्धकार अधिकारीका निबन्धमा दार्जिलिङ्गे भाषिकाको प्रभाव साथै वर्णनात्मक र व्यङ्ग्यात्मक शैली पाइन्छ ।
- अधिकारीका निबन्धले समेटेको विषयवस्तु प्रवासी नेपाली समाज र तिनीहरूले भोग्नुपरेको पीडाको यथार्थता हो ।

### १.७ अध्ययनको औचित्य महत्त्व र उपयोगिता

यस भन्दा अगाडि रामलालका विषयमा जे-जति अध्ययन भए त्यसमा उनको चरणगत वैशिष्ट्यलाई केलाइएको छैन र यस अध्ययनबाट नेपाली निबन्ध यात्रामा अधिकारीको योगदान चर्चा गरिनुका साथै निबन्ध यात्राको चरणगत प्रवृतिसमेत केलाइने हुादा अध्ययनको औचित्य र महत्त्व छ । यस शोधपत्रमा रामलालका निबन्ध लेखनका सम्पूर्ण पक्षलाई समेटिने हुादा

निबन्धकारहरूका विषयमा अध्ययन गर्न चाहने अध्येताहरूलाई समेत थप ज्ञान प्राप्त हुन्छ । त्यसैले यसको निकै महत्त्व रहेको छ ।

## १.८ अध्ययनको सिमाङ्कन

यस शोधपत्रमा रामलाल अधिकारीका निबन्धकारिताका विभिन्न पक्षहरू मध्ये निबन्ध लेखनका चरणगत विशेषता, निबन्धले समेटेको विषय क्षेत्र र निबन्धमा प्रयुक्त भाषाशैलीको विषयमा मात्र अध्ययन गरिएको छ ।

## १.९ सामग्रीसङ्कलन र शोधविधि

शोधपत्र लेखनमा आवश्यक सामग्रीको सङ्कलन प्राथमिक श्रोत र द्वितीय श्रोतबाट गरिएको छ । यसक्रममा विभिन्न विद्वान्‌हरूका लेख, रचना, पत्र, पत्रिका, पुस्तक आदिलाई सामग्रीको रूपमा उपयोग गरिएको छ । विशेष गरेर सामग्री सङ्कलन गर्दा पुस्तकालयीय र स्थलगत अध्ययन, भ्रमण, अन्तर्वार्ता, र प्रश्नावली विधिको उपयोग गरिएको छ । शोधपत्र लेखनमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

'रामलाल अधिकारीको निबन्धकारिताको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्रको रूपरेखा यसप्रकार छ :-

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : निबन्धको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद : रामलाल अधिकारीको जीवनी

चौथो परिच्छेद : रामलाल अधिकारीको निबन्धयात्रा

पााचौ परिच्छेद : उपसंहार

## दोस्रो परिच्छेद

# निबन्धको सैद्धान्तिक परिचय

### २.१ निबन्धको परिचय

“निबन्ध संस्कृत व्याकरणको शब्द निर्माण प्रक्रियामा ‘नि’ उपसर्ग लागेको बन्ध धातुमा छत्र प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द हो । यसको अर्थ निःशेष हिसाबले बाँध्नेकाम गर्नु अर्थात् भाव वा विचारका विकीर्ण कणहरूलाई अभिव्यक्तिका आयतनमा सङग्रहीत गर्नु र निजात्मक अभिव्यक्तिका आयतनमा अभिव्यक्ति दिनु भन्ने हुन्छ ।”[१]

पाश्चात्य साहित्यमा फ्रान्सेली स्रष्टा तथा निबन्धकार मोन्टेङले सोह्रौं शताब्दीमा पहिलोपटक निबन्ध सिर्जना गर्ने काम गरे । यस सृजनालाई ग्रीसेली शब्द भण्डारको ‘एसाइज’ शब्दले सम्बोधन गरियो[२] एस्से शब्दको परिभाषित अर्थ अङ्ग्रेजीमा र नेपालीमा जमर्को भन्ने हुन्छ ।[३] भनी राजेन्द्र सुवेदीले उल्लेख गरेका छन् ।

निबन्धलाई पाश्चात्य तथा पूर्वीय विद्वान्हरूले विभिन्न प्रकारले अर्थ्याउने प्रयत्न गरेका छन् । प्रथम टिप्पणीकारका रूपमा पाश्चात्य विद्वान् मोन्टेङ्ले निबन्धसम्बन्धी आफ्नो धारणा प्रस्तुत गरेका छन् । मोन्टेङ्ले भनेका छन् “म नै मेरो निबन्धको विषयवस्तु हुँ, किनभने मलाई राम्ररी चिन्ने व्यक्ति म नै हुँ ।”[४]

यो भनाइबाट मोन्टेङ् आत्मपरक निबन्धका हिमायती थिए भन्ने बुझिन्छ ।

---

[१] राजेन्द्र सुवेदी **स्नातकोत्तर** नेपाली निबन्ध, : काठमाडौं, पाठ्यसामग्री पसल दो.स. २०५६ पृ. ।

[२] ऐजन् पृ. २ ।

[३] ऐजन् पृ. २ ।

[४] ऐजन् पृ. ४

अर्का विद्वान् बेकनले भने निबन्धलाई वस्तुपरकका रूपमा चिनाएका छन् । उनको भनाई छ "मेरा यी छोटा रचनालाई भ्ककबथ नाम दिएको छु जहाा विकीर्ण चिन्तनहरू छन् ।"[छ]

यी दुई निबन्धकारहरूको विचार एक आपसमा नितान्त फरक पाइन्छ । मोन्टेङ् निबन्धमा निजात्मकतालाई देखाउाछन् भने वेकन आत्मपरक भन्दा ज्यादा चिन्तनका पक्षमा उभिएका छन् । डा.जोन्सनले निबन्धलाई विश्रृङ्खलित रचना भनेका छन् । देवकोटाले निबन्धलाई टेबुलगफ भनेका छन् । यी मतहरूबाट के निष्कर्ष निकाल्न सकिन्छ भने निबन्ध गद्य विधा हो । यसको आकारप्रकार सीमित हुन्छ यसमा लेखकको व्यक्तित्व प्रकट भएको हुन्छ । निबन्धको विषयवस्तु व्यापक हुन्छ र यसको लक्ष्य कुनै सिद्धान्तको स्थापना गर्नु नभएर कुनै एउटा केन्द्रीय भाव वा विचारलाई कार्यकारण श्रृङ्खलामा मिलाएर निबन्धमा प्रस्तुत गर्नु हुन्छ ।

## २.२ निबन्धको वर्गीकरण

बाह्य एवं आन्तरिक तत्त्वहरूका आधारमा हरेक विधाको वर्गीकरण गर्न सकिन्छ । त्यसै गरी निबन्धलाई विषयवस्तु, भाषाशैली व्यक्तित्व प्राधान्य र गौण आदि आधारबाट व्यक्तित्वको प्राधान्यता र गौणताको आधारमा दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ ।[ट]

### २.२.१ परात्मक (वस्तुपरक)

वस्तुपरक निबन्ध विषयप्रधान हुन्छ । यसप्रकारका निबन्ध, प्रबन्धधर्मी हुन्छ । यस निबन्धभित्र ज्ञान विज्ञानका विभिन्न कुराहरू समावेश भएका हुन्छन् । वस्तुपरक निबन्धमा वर्णनात्मक, विवरणात्मक र यात्रा संम्मरणसमेत समावेश भएको हुन्छ । वस्तुपरक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा वर्गीकरण गरिएको छ ।

---

[५] ऐजन् ।

[६] रामलाल अधिकारी निसंस्मरण **गान्तोक** : ई १९९५ प.ृ १६

(क) **वर्णनात्मक**

निबन्धको विषयवस्तु वर्णनप्रधान भएको निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । यस्ता निबन्धमा गृहीत विषयलाई स्रष्टाका अनुभूति र कल्पनाले प्राणवान् बनाएको हुन्छ । यस्तो प्रकारको निबन्धमा सामान्य भन्दा सामान्य विषयलाई लिएर स्रष्टाका विचार अनुभूति र कल्पनाले जीवन्त बनाएर प्रस्तुत गरेको हुन्छ ।[७] वर्णनप्रधान निबन्धमा चिन्तन प्रधानस्रष्टाका निजी भावनाले निबन्धलाई सिङ्गार्ने काम गरेको हुन्छ । यस्ता निबन्धमा गहन चिन्तन र मौलिक जीवन दर्शनको अपेक्षा राखिादैन ।

(ख) **विवरणात्मक निबन्ध**

विवरणात्मक निबन्धमा विचारको प्रधानता हुन्छ । यसमा घटना र वृतान्तको बेली विस्तार गरिएको हुन्छ । यो वर्णनात्मक निबन्धजस्तो स्थिर नभएर क्रियाशील हुन्छ । विवरणात्मक निबन्धमा कथात्मकता वा ऐतिहासिकता र कार्यकारण श्रृङ्खला हुन्छ । घटित विषयमा लेखिने हुनाले ऐतिहासिकता यसको प्रमुख तत्त्व हो । यस प्रकारका निबन्धको ऐतिहासिकता प्रमुख विशेषता भए पनि इतिहास जस्तो नभई रागात्मकताको समावेश भएको हुन्छ । यस्ता निबन्धमा कार्यकारण शृङ्खला राम्रोसाग मिलेको हुन्छ ।

### २.२.२ निजात्मक निबन्ध

स्रष्टाको निजी भावना र विचार व्यक्त भएका निबन्धहरू निजात्मक निबन्ध हुन् । यस प्रकारका निबन्धमा निबन्धकारका वैयक्तिक अनुभूति वा हर्ष-विस्माद, सुख, दुःखजस्ता भावनाहरू प्रस्तुत भएका हुन्छन् । निबन्धकारका जीवनका निजी कुराहरूले मूतभूत भूमिका खेल्ने हुनाले उसका स्वानुभूतिको प्रदर्शन यस्ता निबन्धमा हुने गर्छ । निबन्धकारले यस्ता निबन्धमा नढााटीकन आफ्ना भावनाहरू प्रकट गर्ने हुनाले निबन्धकारको आत्मा प्रकाशन भएको हुन्छ ।

---

[७] पूर्ववत्

फ्रान्सेली निबन्धकार मोन्टेङ्ले आत्मपरक निबन्धका बारेमा टिप्पणी गर्दै भनेका “म नै मेरो निबन्धको विषयवस्तु हुा किनभने मेरो विषयमा सबैभन्दा धेरै जानकारी मलाई नै छ ।”[८] मोन्टेङ्को यस भनाइबाट पुष्टि हुन्छ - “आत्मपरक निबन्धमा लेखिएको स्व अनुभूतिहरू प्रकट भएको हुन्छ ।”

## २.३ निबन्धका तत्त्वहरू

हरेक साहित्यिक विधाको रचनामा निश्चित अवयवहरूको संयोजन भएको हुनुपर्छ । यसैक्रममा निबन्ध विधाको संरचनामा पनि हार्दिकता, विषयवस्तु, सङ्क्षिप्तता, भाषाशैली, उद्देश्य जस्ता तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

व्यक्तित्वको अभिव्यक्ति निबन्धको प्राण हो । निबन्धकारले आफ्ना निबन्धमा आफूले भोगेका, अनुभव गरेका र जिएको जिन्दगी, आफ्नो आर्जित र निर्मित व्यक्तित्वको अभिव्यक्ति दिएको हुन्छ । निबन्धकारले आफ्ना जीवनका अनुभव र अनुभूतिहरू नढाटीकन पाठक सामु राखेका हुन्छन् । यसले पाठक र लेखक बीचको दूरी कम गर्छ । निबन्ध रचनाका क्रममा विषयवस्तु कम र निबन्धकारको व्यक्तित्व प्रधान बनेर निबन्धको रचना भएको हुन्छ । यस अवस्थामा आत्मपरकताको अभिव्यक्ति ज्यादा भएको हुन्छ । यसकारण वैयक्तिकता वा आत्मपरकता निबन्धको अनिवार्य तत्त्व हो ।

हार्दिकता निबन्धको अर्को महत्त्वपूर्ण तत्त्व हो । किनभने निबन्धमा हृदय पक्षको ठूलो महत्त्व वा भूमिका रहेको हुन्छ । निबन्धकार आफ्ना निबन्धमा वस्तुतथ्यको प्रस्तुतिमा तरल बनेर प्रस्तुत हुनुपर्छ । “निबन्ध भनेकै लेखक र पाठक बीचको तादम्यता हो ।”[९] निबन्धमा बुद्धितत्त्व पनि आउन सक्छ तर यो हार्दिक भएर प्रस्तुत हुनुपर्छ । बौद्धिकता निबन्धमा धेरै भयो भने हार्दिकता भन्दा टाढा हुन पुग्छ । वौद्धिकताले आक्रान्त निबन्ध सर्वकालीन हुन सक्दैन ।

---

[८] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, काठमाडौं : पाठ्यसामग्री पसल २०५६ दो.सं. पृ. ६ ।

[९] रामलाल अधिकारी निसंस्मरण, **गान्तोक**, ई १९९५ पृ. १६

निबन्ध सर्वकालीक, कालजयी र लोकप्रिय हुनका लागि हार्दिक तत्त्वको प्रबलता हुनुपर्छ । त्यसैले हार्दिकता निबन्धको महत्त्वपूर्ण तत्त्व हो ।

### २.३.१ विषयवस्तु

निबन्ध स्रष्टाको रुचि अनुसार जुनसुकै विषयवस्तुमा पनि लेख्न सकिन्छ । विषयवस्तुको व्यापकतालाई सङ्केत गर्दै ह्यूवाकरले भनेका छन्- “निबन्धको क्षेत्र यति विशाल र व्यापक छ, एक कोषीय जीवदेखि लिएर मानिससम्म वा धूलोदेखि लिएर आकाशका तारामण्डलसम्म कुनै पनि विषयलाई निबन्धकारले लिन सक्छ । निबन्धको कुनै निश्चित विषयवस्तु हुादैन । स्रष्टाले आफ्नो रुचीअनुसार जुनसुकै विषय क्षेत्रलाई पनि छनोट गर्नसक्छ” ।[१०] यस भनाइबाट निबन्धको कुनै निश्चित विषयवस्तु हुादैन स्रष्टाले आफ्नो रुचि अनुसार जुनसुकै विषय क्षेत्रलाई पनि छनोट गर्न सक्छ भन्ने निष्कर्ष पाउन सकिन्छ । निबन्धकारले निबन्ध लेख्नु पूर्व कुनै न कुनै विषयलाई छनौट गर्दछ र त्यसका बारेमा जानकारी लिन्छ । प्राप्त जानकारीलाई कस्तो तरिकाबाट प्रस्तुत गर्ने भन्ने कुराको छनौट निबन्धकारले गर्छ । आत्मपरक निबन्धमा वस्तुले आफूलाई जसरी छोयो त्यसै गरी निबन्धकारले वस्तुको वर्णनसाग निबन्ध टुङ्ग्याउाछ । विषय कै आधारमा निबन्धको नामकरण गरिन्छ । अतः निबन्ध लेख्नलाई कुनै न कुनै विषयवस्तुको आवश्यकता पर्छ । कुनै विषयको चयन गरी निबन्धकारले त्यसलाई आफ्ना भावनाहरूले रङ्गयाएर निबन्धको रूप प्रदान गरेको हुन्छ ।

निबन्धको आकार र आयम सङ्क्षिप्त हुनुपर्छ । निबन्ध उपन्यास जस्तो विशाल आयाम र अनुभूतिमा सिर्जना गर्न सकिदैन । निबन्धमा विषयवस्तु व्यापक हुन्छ । तर पनि यसलाई आकर्षक तरिकाले प्रस्तुत गर्न सङ्क्षिप्त शैली अपनाउनु पर्छ । लिइएको व्यापक विषयवस्तुलाई निबन्धकारले निश्चित सीमाभित्र आवद्ध भएर अभिव्यक्ति गर्नुपर्छ । निबन्धको सङ्क्षिप्त आयमलाई

[१०] एल.एन शर्मा, **कोपिला** : मिरिक ई २)०३ पृ. ७

सङ्केत गर्दै डा. जगत क्षेत्रीले भनेका छन्- "निबन्ध स्रष्टाको एक अनुभव वा चिन्तनको झोक्कामा लेखिनु पर्छ । पर्खी पर्खी भावलाई पगारेर लेखिने विधा निबन्ध होइन ।" - (निबन्धको सैद्धान्तिक चिनारी, दार्जिलिङ्ग : चियावारी प्रकाशन २०००) यही कुरालाई सङ्केत गर्दै राजेन्द्र सुवेदीले भनेका छन् - "निबन्ध निबन्धको विषयक्षेत्र, व्यापक भए पनि आयमगत दृष्टिले यो सीमित हुन्छ", (स्नातकोत्तर नेपाली निबन्ध, काठमाडौं : साठ्यसामग्री प्रकाशन) यी भनाइहरूबाट निष्कर्ष के निस्किन्छ भने निबन्धको विषयवस्तु व्यापक भए पनि त्यसलाई स्रष्टाले कुदेर, काटेर सङ्क्षिप्त आयाम दिन सक्नुपर्छ । अतः निबन्ध रचनाको एक अति नै महत्त्वपूर्ण पक्ष भनेको सङ्क्षिप्तता पनि हो ।

## २.३.२ भाषाशैली

साहित्यका हरेक विधाहरूको आ-आफ्नै शैली हुन्छ । निबन्धको पनि आफ्नै विशिष्ट शैली छ । शैलीका कारण नै निबन्ध अन्य विधाभन्दा पृथक हुन्छ । निबन्धलाई स्रष्टाले आफ्नो रुचि अनुसार विभिन्न शैलीको प्रयोग गर्छ । कसैले पत्रात्मक शैली, कसैले यात्रात्मक, कसैले हास्यव्यङ्ग्यात्मक आदि आ-आफ्नो रुचि र विषयवस्तुको प्रकृतिअनुसारको शैली निबन्धमा प्रयोग गर्न सकिन्छ ।

निबन्धको भाषा प्रौढ र परिपक्क हुनुपर्छ । निबन्ध संक्षिप्त आयाममा व्यापक विषयवस्तुलाई समेटिने विधा भएकाले यसको भाषा सघन हुनुपर्छ । भाषाले परिपक्कता प्राप्त गर्न थालेपछि मात्र निबन्ध विधाको विकास भएको हुनाले यही कुरालाई सङ्केत गर्दै राजेन्द्र सुवेदी भन्दछन् - "भाषाले उच्च अभिव्यक्ति र सौन्दर्य क्षमता आर्जन गर्न सक्नु पर्छ तब मात्र निबन्धको रचना हुन सक्छ ।" (राजेन्द्र सुवेदी स्नातकोत्तर नेपाली निबन्ध, काठमाडौं)

यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने निबन्धको शैली सरल र सहज हुनुपर्छ । निबन्धमा प्रयुक्त भाषा सघन तथा सङ्क्षिप्ततामा पूर्णता प्रदान गर्न सक्ने खालको हुनुपर्छ ।

### २.३.३ उद्देश्य

साहित्य रचनाको कुनै न कुनै उद्देश्य हुन्छ । साहित्यकारले आफ्नो विचार, अनुभव तथा दर्शनसाहित्यका माध्यमद्वारा पाठक समक्ष प्रस्तुत गरेको हुन्छ । निबन्ध रचनाको पनि कुनै निश्चित उद्देश्य हुन्छ । निबन्धकारले कुनै विचारलाई निबन्धका माध्यमद्वारा पाठक समक्ष प्रक्षेपण गरेको हुन सक्छ अथवा जीवन दर्शन वा कुनै मान्यता सिद्धान्तलाई निबन्ध मार्फत देखाइएको हुन सक्छ । अतः निबन्ध रचनाको कुनै एउटा निश्चित उद्देश्य हुन्छ र त्यही उद्देश्यको सेरोफेरोमा रहेर निबन्ध रचना गरिन्छ ।

## २.४ नेपाली निबन्धको विकासक्रम

### २.४.१ पृष्ठभूमिकाल

निबन्ध गद्यमा लेखिने साहित्यिक विधा हो । यसको विकासका लागि गद्य भाषामा पर्याप्त विकास भएको हुनुपर्छ । नेपाली भाषाको इतिहासलाई हेर्दा ज्यादै छोटो अवधि पाइन्छ । यसकारण निबन्ध विधाको सुरु पनि १८३१ भन्दा अगाडि भएको पाइादैन । १८३१ मा लेखिएको 'दिव्योपदेश' लाई निबन्ध लेखनको प्रारम्भिक बिन्दु मान्न सकिन्छ । जब नेपाली साहित्यले माध्यमिक कालमा पाइलो राख्यो तब निबन्ध लेखनका केही प्रयासहरू सुरु भए तथा निबन्धका लागि टेवा पुग्ने कुराहरू प्रकाशन, पत्रपत्रिका आदिको सुरुवात भयो ।

नेपाली निबन्धको आधुनिकता सुरुहुनु पूर्व केही पत्रिकाहरूले गद्य भाषाको विकास तथा निबन्ध लेखनको चेष्टामा महत्त्वपूर्ण भूमिका खेलेका छन् । स्वदेश तथा विदेशबाट प्रकाशित पत्रपत्रिमा निबन्धात्मक लेखहरू लेख्ने कोशिस गरेको पाइन्छ । यसरी १८३१ देखि १९९३ पूर्व सम्म निबन्ध लेखनमा भए गरेका सम्पूर्ण प्रयत्नहरूलाई नेपाली निबन्धको पृष्ठभूमिकाल भित्र अटाउन सकिन्छ ।

आधुनिक नेपाली निबन्धको प्रवर्तनका लागि माध्यमिककालीन पृष्ठभूमि भन्दा अन्तर्राष्ट्रिय प्रभावको भूमिका महत्त्वपूर्ण हुन्छ । भारतका विभिन्न शहरबाट प्रकाशित विभिन्न पत्रिकाहरूले लेख निबन्ध प्रकाशन गरी नेपाली निबन्धको आधुनिक युगको प्रादुर्भावका लागि ठूलो सहयोग पुऱ्याएका छन् । जुन पत्रिकाहरू यसप्रकार छन् ।

- गोर्खे खबर कागज वि.सं. १९५८ दार्जिलिङ्ग
- सुन्दरी वि.सं. १९६३ काशी
- माधवी वि.सं. १९६५ काशी
- गोर्खाली १९७२ काशी
- चन्द्रिका १९७४ दार्जिलिङ्ग
- जन्मभूमि वि.सं. १९७९ बनारस
- गोर्खा संसार १९८३ देहेरादुन

श्रोत : दयाराम श्रेष्ठ, साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ, काठमाडौं : त्रिकोण प्रकाशन

उपर्युक्त पत्रिकाहरूमा विभिन्न प्रकारका गद्य लेख रचना निबन्धहरूको प्रकाशन गरिएको थियो । नेपाली भाषाले पनि भाषिक सामर्थ्यको विकास क्रमशः गर्दै गएको, पत्रपत्रिकाको प्रकाशन हुनथालेको र स्वतन्त्र राजनैतिक वातावरणको सिर्जना भएका कारण नेपाली भाषाले भारतीय भूमिमा राम्रोसाग खेल्ने मौका पाएको देखिन्छ । यी विभिन्न पत्रिकाहरू मध्ये, चन्द्रिका पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलको ‘महेन्द्र मल्ली’, ‘जूनकिरी’ निबन्ध प्रकाशन भए । त्यसैगरी ‘नेपाली साहित्य सम्मेलन पत्रिका’ का माध्यमद्वारा सूर्यविक्रम ज्ञवाली, रूपनारायण सिंह, पारसमणि प्रधान, धरणीधर कोइराला आदि व्यक्तिहरूले निबन्धलाई निकै परिष्कार र परिमार्जन गर्दै निजात्मकताको नजिक पुऱ्याएर प्रस्तुत गरेका छन् । यस समयसम्म प्रकाशित निबन्धहरूले आधुनिक नेपाली निबन्धको प्रारम्भका निम्ति पृष्ठभूमि तयार गरेको छ ।

तत्कालीन भारतीय समाजमा रहेर अध्ययन गर्ने केही नेपाली विद्यार्थी एवं प्रवासी नेपालीहरूमा प्रजातान्त्रिक एवं उपनिवेशवादका विरुद्धमा आएको सांस्कृतिक एवं जातीय जागरणको प्रभाव परेको थियो । यसैको फलस्वरूप भारतीय नेपाली लेखकहरूले नेपाली जातिको चेतनालाई व्युताउने उद्देश्य राखी विविध पत्रिकाका माध्यमद्वारा जातीय र साांस्कृतिक जागरणका लेख - निबन्धहरू प्रकाशित गर्नथाले । त्यसबेलाका निबन्धको मूल उद्देश्य नै जातीय उत्थान रहेको पाइन्छ । निबन्धको सर्वाङ्गपूर्णतालाई ख्याल राखेर निबन्ध लेखिएन तापनि जातीय जागरणका स्वरहरू प्रस्तुत गरे । 'जन्मभूमि' गोर्खासंसारका लेखकले जातीय जागरणका साथै सामाजिक-नैतिक र राष्ट्रिय उत्थानलाई निबन्धमा मूल स्वर बनाएर रचना गरेका थिए । यसै परिवेश र पृष्ठभूमिले आधुनिक नेपाली निबन्धको जन्मका लागि ठूलो सहयोग पुऱ्याएको देखिन्छ ।

माध्यमिककालीन समयमा प्रकाशित निबन्धहरूले निबन्धात्मककला पूर्ण रूपमा प्राप्त गरेका थिएनन् । केबल समसामयिकको वर्णन मात्र गरिरहेका थिए । शम्भुप्रसादले त्यसलाई आत्मपरक ढङ्गले ढाल्ने प्रयास गरेका थिए । पूर्णत : आत्मपरक निबन्धको रचना हुन नसक्नुमा एउटा कारण निबन्ध पाश्चात्य विधाको उपज हुनु पनि थियो । हिन्दी साहित्यमा पाश्चात्य आधुनिक निबन्धको प्रभाव भर्खर मात्र प्रवेश गरिरहेको थियो । बरु देवकोटाले अङ्ग्रेजी साहित्यको अध्ययन गर्ने क्रममा पाश्चात्य रोमान्टिक धारा, रोमान्टिक कविता एवं आधुनिक आत्मपरक निबन्धकारका निबन्धहरू अध्ययन गरेका कारण 'पहाडी जीवन' निबन्ध लेखेर आधुनिक निबन्ध लेखनमा आत्मपरकतालाई भित्र्याए ।

निष्कर्षमा भन्दा १९९३ मा देवकोटाको असाढको पन्ध्र निबन्ध प्रकाशन हुन् पूर्व निबन्ध लेखनमा भएका प्रयासहरू जे जति छन् तिनीहरूलाई आधुनिक निबन्ध लेखनको पृष्ठभूमिका रूपमा अध्ययन गर्नुपर्छ ।

### २.४.२ नेपाली निबन्धको आधुनिककाल

नेपाली साहित्यमा कथा विधालाई जस्तै निबन्ध विधालाई पनि आधुनिकतामा प्रवेश गराउने काम 'शारदा' पत्रिकाले गरेको हो । यस पत्रिकाका माध्यमबाट थुप्रै निबन्धकारहरूले आधुनिक चिन्तनले भरिएका निबन्धहरू लेखर सार्वजनिक गरे वि.सं. १९९३ मा देवकोटाको आषाढको पन्ध्र शारदामा प्रकाशन भयो । यसलाई नै प्रथम आधुनिक निबन्ध मान्नु पर्छ । हुन त बालकृष्ण पोखरेलले समको वर्दाहामा सिकार निबन्धलाई प्रथम आधुनिक निबन्ध भनेका छन् ।[११] राजेन्द्र सुवेदी त्यस कुरालाई खण्डन गर्दै भन्छन्- 'वर्दाहामा सिकार' कुनै निबन्ध नभएर यो एउटा यात्रा वर्णन मात्र हो । अत : आधुनिक निबन्धको सुरुवात बालकृष्ण समको 'वर्दाहामा सिकार' बाट नभएर देवकोटाको असारको पन्ध्रबाट भएको हो ।[१२]

वासुदेव त्रिपाठी पनि नेपाली निबन्धको आधुनिकता देवकोटाको आगमनबाट नै भएको हो भन्ने पक्षमा छन् । उनी भन्छन् "देवकोटा नै केही समय पछि विशेष प्रतिभाका रूपमा निस्कन्छन् । अनेकौ निबन्धकार उम्रदैं जान्छन् तैपनि लक्ष्मी निबन्ध सङ्ग्रह (२००२) को प्रकाशन नेपाली निबन्धको कलिलो इतिहासमा एउटा असाधारण घटना बन्छ ।"[१३] रामलाल अधिकारीले पनि नेपाली निबन्धको आधुनिककाल देवकोटाको असाढको पन्ध्र बाट सुरु भएको हो भनेका छन् ।[१४]

यी भनाइहरूबाट कै निष्कर्ष निकाल्न सकिन्छ भने नेपाली निबन्धको सुरुवात माध्यमिक कालबाट नै भए पनि आधुनिकताको सुरुवात १९९३ मा शारदामा प्रकाशित देवकोटाको 'अषाढको पन्ध्र' बाट नै भएको हो । यसरी सुरु भएको नेपाली निबन्धको विकास निम्न चरण हुादै आएको हो ।

### (क) **प्रथम चरण (१९९३-२००३/४)**

---

[११] रामनाथ ओझा र मधुसुदन गिरी, **नेपाली स्नातकोत्तर शृङ्खला** काठमाडौं : वाङ्मय प्रकाशन २०५९ पृ. २१२

[१२] पूर्ववत् पृ. १२

[१३] वासुदेव त्रिपाठी, **विचरण** (काठमाडौं : भानु प्रकाशन, २०२८), पृ. ७।

[१४] रामलाल अधिकारी, **निसंस्मरण**, गान्तोक, ई. १९९५ पृ. १०।

१९९३ मा शारदामा प्रकाशित देवकोटाको 'असाढको पन्ध्र' निबन्धबाट नेपाली निबन्ध फाँटमा नवीन प्रवृत्ति र शैलीको प्रयोग भएको पाइन्छ । १९९३ देखि २००३ सम्म एउटा चरणकै रूपमा आधुनिक नेपाली निबन्धका प्रवृत्तिहरू केलाउन सकिन्छ । यस चरणका केन्द्रिय प्रतिभाका रूपमा लक्ष्मीप्रसाद देवकोटालाई लिनुपर्छ । उनको लक्ष्मी निबन्ध संग्रह पनि यसै चरणमा आयो । देवकोटाका यस चरणका सम्पूर्ण निबन्धहरू आत्मपरक छन् । वस्तुवर्णन भन्दा भावनात्मक अभिव्यक्ति गरिएका यी निबन्धहरूमा हार्दिकता, कवितात्मकता, स्वच्छन्दता तथा पोथी गद्य शैली पाइन्छन् । यसकारण यस चरणको प्रमुख विशेषता आत्मपरकता हो ।

यस चरणमा देवकोटा बाहेक सूर्यविक्रम ज्ञवाली, रूपनारायण सिंह, हरिहर खनाल, नरेन्द्रमणि आदी, प्रेमराज शर्मा आदि सक्रिय रहेको पाइन्छ । प्रवृत्तिका रूपमा भन्दा १९९३ देखि २००४ सम्मका निबन्धहरूमा प्राकृतिक विषयवस्तु आत्मपरकता, हार्दिकता, सरलता, भावनात्मकता आदि तत्त्वहरूको उच्चता पाइने हुनाले यसलाई एउटा काल खण्डका रूपमा टुक्र्याउनु उपयुक्त हुन्छ ।

(ख) **दोस्रोचरण** (२००३-२०१६)

पत्रपत्रिकाको प्रकाशनसागै नेपाली निबन्धको दोस्रो चरण सुरु हुन्छ । स्वदेश तथा विदेशबाट प्रकाशित विभिन्न पत्रिकाहरूमा राजनैतिक चिन्तन र विचारधाराहरूलाई अभिव्यक्ति दिन थालियो । २००७ सालको क्रान्तिपश्चात अभिव्यक्तिको स्वतन्त्रता पाएर लेखकहरूले निर्धक्कपूर्ण आफ्ना विचारहरूलाई सार्वजनिक गरे । यसबाट समसामयिक विषयाई समेटेर निबन्ध रचना नैं परिपाटीको विकास भयो । अतः पूर्ववर्ती चरणभन्दा यस चरणमा केही विषयगत नवीनता देखा पर्‍यो । वि.सं. २००४ मा बनारसबाट प्रकाशित 'युगवाणी' पत्रिकामा राजनैतिक विषयवस्तुलाई समेट्दै निबन्धात्मक लेखहरू सार्वजनिक भए । यसकारण वि.सं. २००४ देखि पछाडिको समयअवधिलाई एउटा छुट्टै कालखण्डमा टुक्र्याउनु पर्ने आवश्यकता पर्‍यो ।

२००४ साल पछाडि नेपाली निबन्धलाई विकसित तुल्याउन 'साहित्य स्रोत' (२००४), युगवाणी (२००४), भारती (२००६), पुरुषार्थ (२००६), प्रगति (२०१०), नौलोपाइलो (२०१३), आदि पत्रिकाहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । २००७ सालको अभिव्यक्ति स्वतन्त्रताले गर्दा निबन्धकारहरूले स्वच्छन्द रूपमा निबन्ध लेख्न थालेको पाइन्छ । यसचरण देवकोटासागै उत्तिकै महत्त्वपूर्ण निबन्ध दिने प्रयासमा हृदयचन्द्रसिंह प्रधान देखापर्छन् । उनी यस चरणका प्रतिनिधि र आत्मपरक निबन्धकार हुन् । आत्मपरक निबन्धकार भए पनि उनी देवकोटाभन्दा भिन्न छन् । यिनका निबन्धमा सत्यता बढी र कलात्मकता न्यून पाइन्छ ।

यस चरणमा देखा पर्ने अन्य निबन्धकारहरू हुन् बदरीनाथ भट्टराई, भीमनिधि तिवारी, रामकृष्ण शर्मा, यदुनाथ खनाल, अच्छा राई (रसिक), केशवराज पिंडाली, कमल दीक्षित । यस चरणमा आत्मपरक-वैयक्तिकता, हाास्यव्यङ्ग्यात्मकता, संस्मरणात्मकता तथा खोजमूलक प्रवृत्तिको विकास भएको पाइन्छ ।

### (ग) तेस्रोचरण (२०१६-२०३०)

आधुनिक नेपाली निबन्धको तेस्रोचरणको थालनी शङ्कर लामिछानेबाट हुन्छ । 'रूपरेखा' (२०१७) को प्रकाशनसाग सुरु भएको तेस्रो चरणमा 'मधुपर्क', 'रचना', 'नेपाली', 'भानु' आदि पत्रिकाले नेपालबाट र 'फुलपात', 'पत्कर', 'मालिङ्गो', 'हिमलोक', 'तेस्रो आयाम' भारतबाट प्रकाशन भएर विकसित तुल्याएका छन् । शंकर लामिछाने पनि मूलतः लक्ष्मीप्रसाद देवकोटाले थालनी गरेको आत्मपरक निबन्ध धाराकै अनुयायी हुन् । तर केबल आत्माको स्वच्छन्द अभिव्यक्तिमा मात्र सीमित नभएर उनी आत्मपरकताका अतिरिक्त वौद्धिकता, चिन्तन र भावनाको सन्तुलन चेतन प्रवाहको अभिव्यक्ति, अमूर्त जीवनको चित्रण आदि प्रयोगशील प्रवृत्तिहरूसहित प्रस्तुत हुन्छन् ।

यस चरणमा देखिएको मुख्य प्रवृत्ति प्रयोगशील र चिन्तन वा वौद्धिकता नै हो । शङ्कर लामिछानेको आगमनपश्चात् निबन्धमा पूर्ववर्ती प्रवृत्तिभन्दा केही नवीन प्रवृत्ति देखियो त्यसैले वि.सं. २०१७ देखि अर्को चरण मानियो । वि.सं. २०१७ पछिका निबन्धहरू विशेष गरेर शङ्कर लामिछानेले नेतृत्व गरेको धाराअन्तर्गतका निबन्धहरू अमूर्त छन्, चेतनप्रवाह शैलीमा लेखिएइका छन् । यस चरणको एउटा मुख्य नवीन प्रवृत्ति भनेको नै अमूर्त लेखन तथा चेतन प्रवाह शैली र बौद्धिकता हो ।

नेपाली निबन्धमा वि.सं.२०१७ पछि तीनवटा धारा विकासित भए । एउटा धारा शङ्कर लामिछानेले नेतृत्व गरे । त्यस्तै अर्को धारा हास्यव्यङ्ग्यात्मक धारा हो । यस धाराको नेतृत्व भैरव अर्यालले गरे । अर्यालले 'काउकुती' (२०१९), 'जयभुाडी' (२०२५), 'गलेबन्दि', 'इतिश्री' र 'दशऔतार' गरी पााच निबन्ध सङ्ग्रह दिएर हास्यव्यङ्ग्यलाई उत्कर्षमा पुऱ्याएका छन् ।

यस चरणमा देखा परेको अर्को धारा हो - यात्रासंस्मरण । देश विदेशका विभिन्न ठाउाहरूमा भ्रमण गरी त्यहााबाट प्राप्त अनुभव, अनुभूति वा स्मरण व्यक्त गर्ने काम यात्रानिबन्धका माध्यमबाट भएको हुन्छ । यसधाराका विभिन्न

प्रतिभाहरूमा यादव खरेल, वानीरा गिरि, मञ्जुल, पूर्णप्रकाश नेपाल, देवीप्रसाद श्रेष्ठ, आदि पर्छन् । यही चरणका अन्य निबन्धकारहरूमा गंगा उप्रेती, रुद्र खरेल, मोदनाथ प्रश्रित, वासुदेव लुइाटेल आदि पर्छन् । यी निबन्धकारहरूले मध्ये कसैले आत्मपरक निबन्ध रचना गरेका छन् भने कसैले राजनैतिक धर्म, साास्कृतिक, आदिलाई पचाएर वस्तुपरक निबन्धको रचना गरेका छन् । निष्कर्षमा भन्दा आधुनिक निबन्धको तेस्रोचरण प्रयोगवादी चरण हो । विविध शैली र प्रवृत्तिका निबन्धहरूको रचना गर्ने काम यस चरणका निबन्धहरूबाट भएको छ ।

(घ) **चौंथोचरण २०३१ देखि हालसम्म**

यस चरणलाई समसामयिक युग पनि भनिन्छ । वि.सं.२०३० पछाडि निबन्धमा नवीन चिन्तनलाई ग्रहण गर्दै, समाजमा बढ्दै गएका विकृति र विसङ्गति, आर्थिक समस्या आदिलाई प्रस्तुत गरेको छ । यस पछिका निबन्धकारहरूले प्रयोगवादी प्रवृत्तिबाट मुक्ति खोज्दै गरेको देखिन्छ । यसका अतिरिक्त निबन्धका माध्यमबाट यथार्थता र प्रगतिवादी चेतनाको अभिव्यक्ति गर्न थालेको पाइन्छ । यस चरणमा कृष्णचन्द्रसिंह प्रधान, वासुदेव त्रिपाठी, तारानाथ शर्मा, बालकृष्ण पोखेरेल आदिले आलोचनात्मक यथार्थतालाई गति दिने काम गरेका छन् ।

२०३६ सालपछिको राजनैतिक वातावरणमा देखा परेको केही सहज स्थितिलाई उपयोग गर्दै विभिन्न निबन्धकारहरूले सत्ता विकृतिको आलोचना गरी, अस्मिताको खोजी, श्रमको सम्मान, वैदेशिक अतिक्रमणको विरोध गरेका छन् । विशेषतः समसामयिक युगजीवनमा देखापरेका राष्ट्रिय अन्तर्राष्ट्रिय विकृति र विसङ्गतिलाई विषयवस्तु बनाउादै सुधारको चेतनासहित निबन्धको रचना गर्नेहरूमा गंगा उप्रेती, विमल निभा, खगेन्द्र सङ्ग्रौला, निर्मोहि व्यास, राजेन्द्र सुवेदी आदि पर्दछन् ।

समसामयिक नेपाली निबन्धको उत्तरार्धमा विशेषत : २०४६ को खुल्ला राजनैतिक वातावरणपछि नेपाली निबन्धको फाँट निकै मौलाउन पुगेको छ । निबन्धमा नयाँ नयाँ स्वरहरू लिएर थुप्रै निबन्धकारहरू यसचरणमा देखापरेका छन् ।

समग्रमा भन्दा समसामयिक नेपाली निबन्धका मूल प्रवृत्तिका रूपमा आलोचनात्मक यथार्थवादको अभिव्यक्ति, सुधारको चाहना, विकृति र विसङ्गति प्रति व्यङ्ग्य, यात्रासंस्मरणात्मक निबन्धको रचना वैचाक्तिकताको अभिव्यक्ति आदि प्रवृत्तिहरू देखापर्छन् । विभिन्न प्रतिभाहरूको जमघटमा उल्लेखनीय वृद्धि र यसको निरन्तरताले निबन्ध निकै उन्नत विधाका रूपमा देखा परिरहेको छ ।

# तेस्रो परिच्छेद

# रामलाल अधिकारीको जीवनी

## ३.१ जन्म र जन्मस्थान

रामलाल अधिकारीको जन्म नेपालको मेची अञ्चल अन्तर्गत इलाम जिल्लाको कोलबुङ्ग गा.वि.स.को भार्षे गाउामा भएको हो । इलामको फिक्कल बजार नजिक पर्ने भार्षे गाउामा पिता भक्तिप्रसाद शर्मा र माता मनमायाको गर्भबाट सन् १९४१ डिसम्बर ३१ दतनुसार वि.सं. १९९८ पौष १६ गते रामलाल जन्मिएका हुन् ।[३] यिनको जन्म कुण्डली अनुसार यो मिति वास्तविक भए पनि दार्जिलिङ्गको सन्तरोर्वदन उच्च माध्यमिक विद्यालयबाट प्रवेशिका परिक्षा दिंदा स्व जोड मुखियाले (प्रधान अध्यापक) ले उनको जन्म मिति १२ अक्टोबर १९४६ लेखिदिएका हुनाले उनका शैक्षिक प्रमाणपत्रहरूमा यथार्थ जन्ममिति भन्दा पााच वर्ष कम लेखिएको छ । साहित्यिक पत्रपत्रिका र पुस्तकहरूमा भने १९४१ डिसेम्बर ३१ नै उल्लेख गरेका छन् ।[४]

रामलालको पुर्ख्यौली थलो पनि इलाम कै भार्षे गाउा हो । आर्थिक विपन्नताका कारण वि.सं. २००५ मा रामलालका पिता परिवारसहित कामको खोजीमा भारतको दार्जिलिङ्ग नजिक लाप्चे वस्ती भन्ने ठाउामा पुगे । बाबु विदेशमा बसेकाले रामलालले पनि त्यहीा अध्ययन गर्ने अवसर पाए । रामलालले दार्जिलिङ्गमा अध्ययन गरे । अध्ययन पश्चात् आफ्नो कर्मथलो पनि दार्जिलिङ्ग नै बनाए । सन् (१९४१) मा जन्मिएका रामलालले ६४ वर्ष सम्म साहित्यिक योगदान दिए । यतिलामो समय साहित्यमा खर्चेका रामलालको वि.सं. २०६२ मा पेटको क्यानसरका कारण कलकत्ता मेडिकल कलेजमा निधन भयो ।

---

[१] शोध नायकका माइला भाईबाट प्राप्त जानकारी ।

[२] रामलाल अधिकारी **नेपाली निबन्ध यात्रा** नेपाली संहित्य संचायीका दाजिलिङ्ग, १९७५ ,पृ.८७ ।

## ३.२ साहित्यिक नाम

शर्मा परिवारमा जन्मे हुर्केका रामलालको साहित्यिक नाम अर्को कुनै छैन । उनलाई सबैले रामलाल भनेर नै चिन्ने गर्छन् । उनका परिवारका अन्य सदस्यले शर्मा थर लेखे पनि रामलाल भने अधिकारी नै लेख्थे । सुरु सुरुमा रामलाल आफू अधिकारीका ठाउमा शर्मा लेख्थे तर उनका मित्र गुमानसिंह चाम्लिङ्गले दिएको सल्लाहअनुसार शर्मा छोडेर अधिकारी लेख्न थालेका हुन् ।[३]

## ३.३ पारिवारिक पृष्ठभूमि

रामलाल अधिकारका पिता शिक्षित थिए । उनी दैनिक परिश्रम गरेर जीवन चलाउाथे । सामान्य खेतीपाती गरेर जीविकोपार्जन गर्ने रामलालका पिता फूर्सदको समयमा पण्डित्याइा समेत गर्थे ।[४]

रामलालका पिता आधुनिक अंग्रजी शिक्षा नपढेका भए पनि संस्कृतिको कर्मकाण्डमा भने खप्पिस थिए । भक्तिप्रसादका जम्मा तीन छोरी र छ छोरा थिए । जसमध्ये रामलाल जेठा छोरा हुन् । माइला छोरा दार्जिलिङ्गकै लाप्चे वस्तीमा बसेर खेतिपाती गर्छन् भने अरू छोराहरू सरकारी जागिरबाट अवकास भएर भाग डुगुरामा बसोबास गरेका छन् । रामलालका बहिनीहरू कविता, मीन र कुन्ति तीनै जनाको विवाह सम्पन्न भईसकेको छ । भक्तिप्रसादका जेठा छोरा भएका नाताले रामलालले पढ्नका लागि धेरै संघर्ष गर्नुपऱ्यो । यिनले पत्नी वियोगको समस्या पनि जीवनमा झेलेका थिए । रामलालकी जेठी पत्नी असमयमै स्वर्ग भइन् । हाल उनकी कान्छी पत्नी छिन्, जेठी पत्नीबाट मात्र सन्तान भए । अहिले जेठी पत्नीतर्फका सन्तानमा छोरो राजिव र छोरी रश्मि छन् ।

[३] मिलन प्रधान, **रामलाल अधिकारीले जीवनी व्यक्तित्व र कृतित्त्व**, अप्रकाशित शोध-२०५५ (एम.ए. नेपाली कीर्तिपुर त्रि.वि.)

[४] शोध नायकको पिताबाट प्राप्त जानकारी ।

### ३.३.१ बाल्यकाल र चुँडाकर्म

रामलालको ५ वर्षसम्मको उमेर आफ्नै जन्मस्थान भार्षेमा बित्यो । सानै उमेरमा भए पनि रामलाल बाबुका साथ गाईबाख्रा हेर्न भार्षेको जङ्गल वन, पहाड तिर जान्थे ।[छ] भार्षेमा जन्मेका र पााच वर्षसम्म त्यही बसेका हुनाले उनलाई वनपाखा, पहाड, डाାडा, भीर, काାडा आदिबारेमा राम्रोसाग जानकारी थियो । सानै उमेरबाट नै प्राकृतिक सौन्दर्यसाग परिचित भएका रामलालमा कवित्व भावनाको विकास तथा स्वच्छन्दतावादी प्रवृत्तिले समेत जरा गाडेको थियो ।

रामलालका पिता संस्कृत कर्मकाण्डका ज्ञाता तथा संस्कृत साहित्यका अनुरागी थिए । जसको प्रभाव रामलालमा पनि परेको थियो । भार्षे छोडेर दार्जिलिङ्ग गए पनि बिहान बेलुका पिताका सहयोगमा यिनले १० वर्षको उमेरमा नै चण्डी, रुद्री कण्ठस्थ पारेका थिए ।[ट] हिन्दुधर्मअनुसार यिनको चुडाकर्म चार वर्ष कै हुादा गरिएको थियो । भार्षेमा नै विभिन्न ब्राह्मणहरू बोलाएर वौद्धिक विधानुसार यिनको चुडाकर्म गरियो ।[ठ] यसरी हेर्दा रामलालमा साहित्यिक व्यक्तित्वको विकास हुन उनको पारिवारिक संस्कार तथा वातावरणले महत्त्वपूर्ण भुमिका खेलेको पाइन्छ ।

### ३.३ शिक्षा र स्वास्थ्य

### ३.४.१ प्रारम्भिक अध्ययन र शिक्षाको क्रमिक विकास

रामलाल अधिकारीले आफ्नै घरमा अक्षारम्भ गरेका हुन् गाउाले परिवेशमा हुर्केका हुनाले लेक, बेंसी, भीर, पाखासाग राम्ररी परिचित थिए । ब्राह्मण परिवारमा जन्मेका हुनाले यिनले संस्कृत ग्रन्थबाट शिक्षाको आरम्भ गरेका थिए । बाबुले बिहान-सााझ पूजा गर्दा भनेका संस्कृतका श्लोक र

---

[५] ऐजन् ।

[६] ऐजन् ।

[७] ऐजन् ।

स्तुतीहरू रामलाल बडो चाखपूर्वक सुन्थे र पिताका साथसाथै आफू पनि भन्ने गर्थे ।[8]

पाँच वर्षकै उमेरदेखि संस्कृतका कर्मकाण्डहरू यिनले पढ्न थालेका थिए । सात वर्षको हुँदा पिता कामको खोजीमा भारत पसेका हुनाले रामलालको औपचारिक शिक्षा त्यहीँबाट सुरु भयो । सोहीअनुसार ई.स. १९५२ मा दार्जेलिङ्गको बर्बर जुनीयर हाइस्कूलमा रामलाल कक्षा एकमा भर्ना भए ।[9] रामलालले कक्षा आठसम्मको शिक्षा त्यही विद्यालयमा पूरा गरे । कक्षा आठमा अध्ययनरत हुँदै यिनले 'काले' शीर्षकको निबन्ध लेखी गोखा दुःख निवारण संघको गोष्ठीमा भाग लिएका थिए । उक्त निबन्ध प्रतियोगितामा रामलालले दोस्रो स्थान हासिल गरेको जानकारी पाइन्छ ।[10]

आठौं कक्षा अध्ययन सकेपछि उनी सन् १९६० मा दार्जिलिङ्ग गई सन्तरोवटस उच्च माध्यमिक विद्यालयमा भर्ना भए । यसै बखत उनलाई साहित्यतर्फ अघि बढ्ने वातावरण प्राप्त भयो । यसै बखत उनले पहिला लेखेको 'काले' शीर्षकको निबन्धलाई सम्पादन गरे । यिनको विद्यालयीय शिक्षा निरन्तरताका साथ चलिरहयो । सन् १९६२ मा अधिकारीले प्रवेशिका परीक्षा दोस्रो श्रेणीमा उत्तीर्ण गरे । एस.एल.सी. पछि १९६३ मा दार्जिलिङ्ग महाविद्यालयमा भर्ना भए । कला शास्त्र संङ्कायअन्तर्गत मुख्य विषय नेपाली र संस्कृतदर्शन लिएर सन् १९६६ मा यिनले स्नातक पास गरे । सन् १९६८ मा त्रि.वि. कीर्तिपुरबाट संस्कृत विषयमा स्नातकोत्तर उत्तीर्ण गरे ।[11]

काठमाडौंमा रहादा यिनको डेरा ताना शर्मासागै थियो । जसबाट यिनको धेरै साहित्यिक व्यक्तित्वहरू जमघट भयो । वल्लभमणि दाहाल, दुर्गानाथ शर्मा, तारानाथ शर्मा आदिको सम्पर्कबाट रामलालको भाषा साहित्यिक लेखन निकै

---

८ ऐजन् ।

९ ऐजन् ।

१० शोध नायकका सहपाठी एस.बी. गुरुङ्गबाट प्राप्त जानकारी ।

११ दुर्गानाथबाट प्राप्त जानकारी ।

खारिन पुग्यो । काठमाडौंबाट अध्ययन पूरा गरी दार्जिलिङ्कै रामकृष्ण वि.टी कलेजबाट वि.एड. समेत उत्तीर्ण गरे । यसरी रामलालको औपचारिक शिक्षा सन् १९५२ मा सुरु भएर १९७३ सम्म कायम रहेको पाइन्छ । अध्ययनका क्रममा पाएका अनुभवहरू गुरुहरूबाट दिएको प्रेरणा र साहित्यकारहरूसागको जमघट र छलफलबाट नै रामलाल साहितियिक व्यक्तित्वका रूपमा चिनिन पुगे ।

### ३.४.२ स्वअध्ययनको प्रसङ्ग

सानै उमेरबाट संस्कृत भाषामा रुद्री, चण्डी आदि ग्रन्थ पढ्न सुरु गरेका र रामलालले विद्यार्थी जीवनमा नेपाली भाषामा लेखिएका नाटक, उपन्यास कथा तथा पत्रपत्रिका पढ्न थालेका थिए । पाठ्यविषयका पुस्तकबाहेक अन्य साहित्यिक पत्र पत्रिका तथा नेपाली उपन्यास पढ्ने यिनको बानी थियो । उमेर र अध्ययनसागै यिनको स्वअध्ययनको सीमा फराकिलो बन्दै गयो । फलस्वरूप यिनले हिन्दीको गीताञ्जली, नेपालीका 'चिसो चुल्हो', 'लक्ष्मी निबन्ध स्रग्रह', 'प्रल्हाद', 'रविन्सन् कुसो' पढिसकेका थिए । यिनी साहित्यकारहरूका कृति पढ्थे र त्यसलाई मानक मानेर लेख्ने समेत गर्थे । उनले विद्यालय स्तरमा पढ्दा 'श्रवणकुमार' शीर्षकको नाटक लेखेर मञ्चन समेत गरेका थिए । यसैको फलस्वरूप यिनमा साहित्यिक व्यक्तित्वको विकास भएको थियो ।

### ३.४.३ सम्पादन र प्रकाशन

रामलाल अधिकारी साहित्यमा प्रशस्त उर्जा भएका जाागरिला व्यक्ति हुन् । सानैदेखि स्वयं रचना लेखेर पत्रपत्रिकाको प्रकाशन गर्ने जस्ता यिनले उल्लेखनीय काम गरेका छन् । सिलगुडीमा रहादा सन् १९६३ मा यिनकै सक्रियतामा 'देवकोटा संघ' नामक साहित्यिक संस्थाको जन्म भयो । सन् १९६८ मा रामलाल अधिकारीको सम्पादनमा उक्त 'देवकोटा संघ' बाट मासिक पत्रिकाको रूपमा 'वाडुाली' पत्रिकाको प्रकाशन भयो । रामलाल अधिकारीकै सम्पादनमा 'वाडुली' को तीन अङ्कसम्म प्रकाशन भयो । दार्जिलिङ्ग आएपछि पनि रामलालले नेपाली साहित्य सम्मेलन (स्थापित सन् १९२४ साग सम्बन्ध

राख्न थाले । सम्मेलनले प्रकाशन गर्दै आएको मुख्य पत्रिका 'दियालो' सन् १९७६ देखि रामलालकै सम्पादकत्वमा प्रकाशन हुनथाल्यो ।[12] यसप्रकार सम्पादनका क्षेत्रमा पनि सक्रिय भूमिका अङ्गाल्ने रामलाल अधिकारीको खासगरी नेपाल बाहिर नेपाली साहित्यको विशेष योगदान छ ।

## ३.५ साहित्य लेखन

### ३.५.१ लेखनका निम्ति प्रेरणा र लेखनकार्य

रामलाल अधिकारी विद्यार्थी अवस्थादेखि नै कल्पनाशील स्वभावका थिए । आफ्ना बालसंगीतहरूसाग टुक्का बाजी गर्ने गर्थे । विशेषताः स्कुल विदाको दिन मकैबारी रुङ्न जाादा एक्लै कटेरोमा वसेर उनी केही कुरा सोची रहन्थे । यसरी एकान्तमा सोची रहादा उनको मन भावुक हुन्थ्यो र फाटफुट दुईचार हरफ कविता पनि कोर्थे । यसरी विद्यार्थी जीवनदेखि नै साहित्यिक गतिविधिमा अगाडि बढ्ने उनको प्रवृत्ति रहेको स्पष्ट हुन्छ । यसपछि विद्यालय तथा साहित्यिक प्रतिष्ठानमा आयोजित साहित्य गोष्ठीमा भाग लिने र विजयी बनेर प्रशंसाको पत्र बन्ने गर्थे । छरछिमेकी, गुरुहरू तथा सहपाठीहरूको प्रोत्साहन तथा प्रेरणा नै उनको साहित्य लेखनको कारक बन्न पुगेको देखिन्छ । विद्यालयमा हप्ताको अन्तिम दिन जीम सिकाइन्थ्यो तर रामलाल जीम सिक्न नगई साहित्यिक पत्रपत्रिकाहरू पढ्थे । यसरी फूर्सदको समयमा विभिन्न साहित्यिक पत्र पत्रिका पढि ज्ञान लिनुपनि यिनका लागि साहित्य रचनाको प्रेरणाको श्रोत बन्न पुग्यो ।[13]

यसरी रामलाल विद्यार्थीअवस्थाबाट नै साहित्यको क्षेत्रमा बढी रुचि राख्ने भएकाले पनि साहित्य तर्फ बढी आकृष्ट भए । उनले दार्जिलिङ्ग बसेर थुप्रै साहित्यिक लेख रचना लेखेका छन् । यसरी साहित्य लेख्नमा गुरु भानुभक्त कमाइा, श्री वीरविक्रम गुरुङ्गको महत्त्वपूर्ण देन छ । यसका साथै सहपाठी भित्र

---

[12] मिलन प्रधान, **रामलाल अधिकारीको जीवनी व्यक्तित्व र कृतित्त्व**, शोधपत्र अप्रकाशित एम.ए. नेपाली त्रि.वि. कीर्तिपुर ।

[13] शोध नायकको जीवनवृत्तबाट प्राप्त जानकारी ।

देवनारायण प्रधान र शन्तबहादुर थापाले पनि साहित्य लेखनमा प्रेरणा र सहयोग प्रदान गरेका थिए ।

साहित्यकारलाई साहित्यिक क्षेत्रमा संलग्न गराउन पत्रपत्रिकाले पनि ठूलो योगदान पुऱ्याउाछ । दार्जिलिङ्गबाट निस्कने पत्रपत्रिका 'गार्खा खबर कागज' (सन् १९०१), 'दियालो' (१९४९), 'भारती' (१९४६), चन्द्रिका (१९१८), 'नेपाली साहित्य सम्मेलन पत्रिका' (१९३२), बाङुाली (१९६८), नेपालबाट निस्कने रूपरेखा, गरिमा आदि पत्रिकाहरूले समेत रामलाललाई कविता, निबन्ध रचना गर्नमा सहयोग गरेको पाइन्छ ।

उपर्युक्त विभिन्न प्रेरणाबाट अभिप्रेरित अधिकारीले आफ्ना रचनामा समाजमा विकृति, विसङ्गति र नमिठा सामाजिक उच्छृङ्खलहरूको विरोध गर्दै सामाजिक न्याय र वस्तुवादको वकालत गरेका छन् ।

### ३.५.२ लेखन प्रारम्भ

रामलाल अधिकारी शिशु अवस्थादेखि नै बालसुलभ गीत सुन्ने गुनगुनाउने र कल्पनामा रम्ने एकान्त स्वभावका व्यक्ति थिए । यिनले सानै उमेरदेखि छन्दमा कविता रच्ने गर्थे । तदअनुसार रामलाल अधिकारीले १३-१४ वर्षको उमेरदेखि कविता विधाबाट नेपाली साहित्यको लेखनमा प्रवेश गरेका हुन् । सन् १९५५ देखि सन् १९५८ सालसम्म यिनको लेखनको अभ्यासिक समय तथा प्रयोगावस्था रहेको देखिन्छ । लगातार तीन चार वर्षको साधना पछि मात्र सन् १९५९ मा यिनको रचना प्रकाशन भएको हो । त्यसैले ई. १९५९ को समयलाई यिनको सार्वजनिक साहित्य लेखनको आरम्भ विन्दु मान्नुपर्ने हुन्छ । यिनले सन् १९५५ मा चौथो श्रेणीमा पढ्दाखेरी नै 'श्रवणकुमार' नाटक र १९५६ मा 'ध्रुव' नाटक लेखेर प्रदर्शन गरेका थिए । यसरी सानै उमेर देखि नाटक लेख्ने अधिकारीलाई समाजका साहित्यिक तथा प्रतिष्ठित व्यक्तिहरूबाट हौसला र प्रेरणा प्राप्त भयो । फलस्वरूप यिनी पछि गएर महान् साहित्यकार बन्न पुगे । रामलालको प्रथम प्रकाशित रचना भने

सन् १९५९ मा वनारसबाट निस्कने 'दीपक' मासिक पत्रिकामा प्रकाशित 'लण्डनको रोडनेर' हास्यव्यङ्ग्य कविता हो । यसरी रामलालले वाल्यकालबाट नै लेखारम्भ गरेको पाइन्छ । १९५९ मा नै रामलाले 'काले' शीर्षक निबन्ध लेखेका थिए ।

### ३.५.३ पुस्तकाकार कृतिको विवरण

किशोरअवस्थादेखि नै नेपाली साहित्यमा प्रवेश गरेका रामलाल साहित्यका विभिन्न फाँटमा देखा परेका छन् । यिनले महाकाव्य बाहेक साहित्यका अन्य जुनसुकै विधामा कलम चलाएका छन् । यिनी एक प्रतिभाशाली साहित्य समालोचक, अनुसन्धानकर्ता तथा साहित्यिक पत्रकार हुन् ।

समकालीन नेपाल बाहिरका नेपाली साहित्यकारहरूका माझ रामलाल अधिकारी विशिष्ट प्रतिभाका रुमपा देखा पर्छन् । भारत तथा नेपालका पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाका अतिरिक्त हालसम्म प्रकाशित पुस्तककार कृतिको विवरण सूची प्रकाशन वर्षको आधारमा तल दिइएको छ ।

| क.सं. | साहित्यिक कृति | विधा | प्रकाशन बर्ष |
|---|---|---|---|
| 1= | भोकाएको कुकुरले के भन्छ ? | निबन्ध सङ्ग्रह | सन् १९६२ |
| 2= | चियावारी | कविता सङ्ग्रह | सन् १९६५ |
| 3= | केही नेपाली कविता | सम्पादन | सन् १९६७ |
| 4= | छोरी छोरी भएको घर | खण्डकाव्य | सन् १९६८ |
| 5= | संचयिता | काव्यानुवाद | सन् १९६९ |
| 6= | आफैं जन्मिनेहरू | कथासङ्ग्रह | सन् १९७१ |
| 7= | तीका पनि व्यापारी पनि | एकाङ्कीसङ्ग्रह | सन् १९७३ |
| 8= | रवि सप्तमी | निबन्ध सङ्ग्रह | सन् १९७४ |
| 9= | फेरी गुण तिरै | उपन्यास | सन् १९७५ |
| 10= | नेपाली निबन्ध यात्रा | समीक्षा | सन् १९७६ |
| 11= | अलौटा र ठेट्ना | निबन्ध सङ्ग्रह | सन् १९७७ |
| 12= | नेपाली एकाङ्की यात्रा | सम्पादन समीक्षा | सन् १९७९ |
| 13= | यमिनीकान्छी | कथासङ्ग्रह | सन् १९८२ |
| 14= | रसिक रचनावली | शिक्षणशास्त्र | सन् १९८२ |
| 15= | नेपाली भाषा शिक्षण पद्धति | संयुक्त सम्पादन | सन् १९८३ |

| | | | |
|---|---|---|---|
| 16= | नेपाली रचनावली | एकाङ्की सङ्ग्रह | सन् १९८५ |
| 17= | शंखघोष | सम्पादन | सन् १९८७ |
| 18= | उत्कृष्ट नेपाली निबन्ध | सम्पादन समीक्षा | सन् १९८८ |
| 19= | नेपाली कथा यात्रा | - | - |
| 20= | आदर्श विद्यार्थी | - | - |
| 21= | रजनी | - | - |
| 22= | आफ्नो वाल्य जीवनसम्बन्धि संस्मरण | - | - |
| 23= | निसंस्मरण | निबन्ध | सन् १९९५ |
| 24= | भैरबको भूत | निबन्ध | सन् २००१ |

## ३.६ सम्मान तथा पुरस्कार

नेपाली भाषा र साहित्यको क्षेत्रमा निरन्तर साधनाशील तथा स्रष्टाका रुमपा सक्रिय रामलाल विद्यार्थी जीवनदेखि नै विभिन्न साहित्यिक प्रतियोगितामा विजयी तथा पुरस्कृत भएका थिए । विद्यार्थी जीवनमा निबन्ध कविता लेखेर संसोधनका निम्ति पटक पटक गुरुहरूलाई देखाउने भएकाले उनका साहित्यिक रचना बाल्यकाल देखि नै परिस्कृत र उत्कृष्ट थिए । हालसम्म रामलालले थुप्रै पुरस्कारहरू हात पारिसकेका छन् । प्राप्त भएको जानकारीअनुसार यिनले पाएका पुरस्कारहरूको सूची निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क.स. | पुरस्कार | संस्था | विधा | वर्ष |
|---|---|---|---|---|
| १. | प्रमाण पत्र र हौसला | गोर्खा दुःख निवारण संघ | 'काले' शीर्षकको निबन्ध लेखेर | सन् १९५९ |
| २. | रु. २००।- र प्रमाणपत्र | रेडियो नेपाल | कविता प्रतियोगिता | सन् १९६८ |
| ३. | एनश्री स्वर्णपदक | रत्न श्री प्रकाशन नेपाल | - | सन् १९८५ |

## चौथो परिच्छेद

# रामलाल अधिकारीको निबन्ध यात्रा

### ४.१ नेपाली निबन्ध परम्परामा प्रवेश

नेपाली साहित्यि परम्परामा निबन्ध अपेक्षाकृत कान्छो विधा भए तापनि रामलाल अधिकारी नेपाली निबन्ध लेखनमा प्रवेश गर्नुअघि नेपाली निबन्ध यात्रा केही अघि बढिसकेको थियो । त्यतिबेला नेपाली भाषाले करिव नौ शताव्दी पार गरिसकेको थियो भने नेपाली साहित्यले पनि २०० बसन्त विताइसकेको थियो ।[1] नेपाली साहित्यको प्रारम्भिक कालतिरै नेपाली गद्यको सुन्दर नमुनाको झलक पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३१) मा देखा परिसकेको थियो । माध्यमिक कालमा र आधुनिक कालमा त झन् नेपाली गद्यले नयाा नयाा मोड लिदौ अघि बढेको छ ।

प्रारम्भिक कालमा नेपाली भाषाले प्रौढता प्राप्त गऱ्यो र साहित्य रचना तर्फ उन्मुख भयो भने माध्यमिक कालमा साहित्यले आफ्नो विधागत स्वरूपलाई फस्ट्टाउने मौका पायो । नेपाल भित्र र बाहिरबाट प्रकाशित विभिन्न पत्र पत्रिकाले नेपाली साहित्यको दिशालाई गति दिने काम गऱ्यो । यसरी नेपाली साहित्यलाई पाठकसमक्ष पुऱ्याएर साहित्यिक विकाशमा गतिदिन 'गोर्खा भारत जीवन' (१९४३), 'गोर्खे खबर कागज' (१९५८), 'गोर्खापत्र' (१९५८), 'सुन्दरी' (१९६३), 'माधवी' (१९६५), 'चन्द्र' (१९८१), 'गोर्खाली' (१९७२), 'चन्द्रिका' (१९७४), 'जन्मभूमि' (१९७९), 'गोर्खा संसार' (१९८२), 'साहित्य सम्मेलन' (१९८९) पत्रिकाहरूले विशेष योगदान दिएका छन् ।[2]

नेपाली निबन्धको विकास कै क्रममा वनारसबाट निस्कने जन्मभूमि (१९७९) पत्रिकामा कृष्णप्रसाद कोइराला धरणीधर कोइराला र रामलाल अधिकारीका सैद्धान्तिक लेख तथा निबन्धहरू प्रकाशन भए । 'नेपाली साहित्य

---

[1] मोहनराज शर्मा र कृष्णहरिबराल, **भाषा विज्ञान र नेपाली भाषा** दो.सं. (काठमाडौं: नवीन प्रकाशन, २०५०); पृ. २५ ।

[2] दयाराम श्रेष्ठ, **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ** (काठमाडौं: त्रिकोण, प्रकाशन, २०६१), पृ. १२ ।।

सम्मेलन पत्रिका' १९८९ मा सूर्यविक्रम ज्ञवाली पारसमणि प्रधान रूपनारायण सिंहका साहित्यसेवा, चरित्रसुधार आदि विषयका निबन्धहरू प्रकाशन भए ।[घ]

यसरी विभिन्न पत्रपत्रिकाहरूमार्फत नेपाली निबन्धको उदय र विकास हुदै जानेक्रममा रामलाल अधिकारी पनि निबन्ध विधाभित्र उदाए र रामलालले सन् १९५९ मा 'काले' शीर्षकको निबन्ध लेखेर निबन्ध क्षेत्रमा प्रवेश गरे । उनको प्रकाशनका दृष्टिले प्रथम प्रकाशित निबन्ध पुस्तकाकार कृतिका रूपमा 'भोकाएको कुकुरले के भन्छ' १९६२ हो । रामलालको 'काले' शीर्षकको निबन्ध पनि यही पुस्तकमा सङ्कलित भएको छ । रामलालका निबन्धहरू प्रकाशनको क्रमअनुसार 'बिम्ब' सङ्ग्रहमा सङ्कलित छन् ।

१. भोकाएको कुकुरले के भन्छ ? (सन् १९६२)
२. रवि सप्तमी (सन् १९७३)
३. अलौटा र ठेट्ना (सन् १९७६)
४. निसंस्मरण (सन् १९९५)
५. विदित अविदित (१९९८)
६. भैरबको भूत (२००१)

## ४.२ रामलालको निबन्ध यात्राको चरण विभाजन

रामलाल अधिकारी १९५९ मा 'काले' शीर्षक निबन्ध लेखेर निबन्ध लेखनमा प्रवेश गरेका हुन् । १९५९ देखि सुरु भएको रामलालको निबन्ध यात्रा सन् २००४ सम्म कायम रहन्छ । यिनले करिब ४५ वर्ष जतिको अवधिसम्म साहित्यमा कलम चलाए । यति लामो समयसम्म निबन्ध लेखनमा आबद्ध भएका रामलालले विभिन्न धारा, प्रवृत्ति र सिद्धान्तलाई अनुसरण गरेका छन् । यसका साथै निबन्ध लेखनका क्षेत्रमा विभिन्न प्रयोगहरू समेत गरेका छन् । प्रवृत्तिगत आधारमा रामलालको निबन्ध लेखनलाई निम्नानुसार चरणगत विभाजन गर्न सकिन्छ ।

---

[३] कल्पना लुइटेल, **कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता**, (काठमाडौं: एम.ए. नेपालीको शोधपत्र (अप्रकाशित) त्रि.वि. ।)

### ४.२.१ पहिलो चरणः सन् १९५९ देखि १९७३ सम्म

रामलाल अधिकारीले १९५९ मा 'काले' शीर्षकको निबन्ध लेखेर आफूलाई निबन्ध लेखनमा समावेश गरे । यिनको यो चरण आभ्यासिक काल हो । यस चरणमा लेखिएका निबन्धहरूमा हास्यव्यङ्ग्यको मात्रा अधिक पाइन्छ । पुस्तकाकार कृतिका रूपमा उनले यस चरणमा एउटा मात्र कृति देखिन्छ । 'भोकाएको कुकुरले के भन्छ' (१९६२) निबन्ध सङ्ग्रह यो चरणको प्रतिनिधि निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा ६ वटा निबन्धहरू सङ्कलित छन् । सङ्ग्रहका प्रत्येक निबन्धहरू व्यङ्ग्यात्मक तथा ठट्टेउली पाराका छन् । अभ्यासकाल भएकाले यस चरणका निबन्धमा भाषिक परिकार तथा विषयवस्तुको समुचित विन्यास हुन सकेको छैन ।

यस चरणमा लेखिएका निबन्धहरूमा दार्जिलिङ्गी जनजीवन त्यहााका नेपालीहरूको आर्थिक अवस्था समेतलाई देखाइएको छ । यस चरणमा लेखिएका रामलालका उत्कृष्ट निबन्धहरू हुन्- 'काले', 'भूत', 'भोकाएको कुकुरले भे भन्छ?' 'बेहुली', 'टकभरमा बनभोज' आदि । रामलाल यस चरणमा निबन्ध लेख्दा विद्यार्थीअवस्थामा नै थिए । विद्यालय र क्याम्पस प्रवेश गर्दा उनले पाएका अनुभवहरू यस चरणका निबन्धहरूमा समेटिएका छन् । स्कुलमा हुने गरेको प्रतियोगिता तथा सााथीभाइ र गुरुहरूले दिएको हौसला, प्रतिक्रिया स्वरूप रामलाले आफूलाई निबन्ध लेखनमा समावेश गराएका हुन् ।

प्रवृत्तिगत हिसावले यस चरणका निबन्धहरू सरल, हास्यात्मक वा ठट्यौली खालका तथा वर्णनात्मक खालका छन् । मुख्य प्रवृत्तिको निर्क्योल गर्दा वस्तुपर तथा हास्यात्मक ठट्यौली नै देख्न सकिन्छ । यिनको निबन्ध सङ्ग्ह 'भोकाएको कुकुरले के भन्छ ?' भित्र सङ्कलित निबन्ध 'काले', 'बेहुली', 'भूत' आदि निबन्धहरू पढ्दा हाासो उठ्छ । उनले आफ्ना यी निबन्धहरूमा विषयवस्तुलाई वस्तुपरक रूपले वर्णन गर्दै विषयवस्तुलाई अगाडि बढाएका छन् । छोटा तथा केही लामा शीर्षक चयन रामलालका निबन्धलेखनको साझा

विशेषता हुन् । भाषिक प्रयोगका दृष्टिले हेर्दा यस चरणमा लेखिएका निबन्धहरूमा सरल भाषाको प्रयोग भएको पाइन्छ । झर्रा नेपाली शब्दहरूलाई संयोजन गरिए पनि केही शब्दहरू संस्कृत अङ्ग्रेजी भाषाका आगन्तुक पनि छन् ।

यस चरणका निबन्धहरूलाई अध्ययन गर्दा रामलाल निबन्ध लेखनको सिकारु अवस्थामा नै रहेको पाइन्छ । यिनको यस सङ्ग्रहमा सङ्कलित निबन्ध 'लभ', 'मैले खैनीखान छोडे' को भाषा प्रयोग र विषयवस्तुको सङ्गठन त्यति परिपक्व देखिदैन । नेपाली निबन्ध यात्राले भर्खर आधुनिकता प्राप्त गरेको अवस्थामा यतिका निबन्ध दिन सक्नु पनि रामलालको महत्त्वपूर्ण देन मान्नुपर्छ ।

## ४.२.२ दोस्रो चरण (१९७३-१९७६)

सन् १९७३ मा 'रविसप्तमी' निबन्धको प्रकाशनसागै रामलालको निबन्ध यात्राको दोस्रो चरण सुरु हुन्छ । प्रकाशनका दृष्टिले 'रविसप्तमी' दोस्रो प्रकाशित कृति हो । पहिलो कृति 'भोकाएको कुकुरले के भन्छ' को प्रकाशन भएको ठिक दश वर्षपछि यिनको 'रविसप्तमी' नामक दोस्रो कृति प्रकाशन भएको हो । यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू केही मात्रामा पत्रपत्रिका र खर्सङ्ग रेडियोबाट प्रकाशन पूर्व नै सार्वजनिक भएको पाइन्छ ।[४] यस सङ्ग्रहमा जम्मा सातवटा निबन्धहरू सङ्कलित छन् । 'रविसप्तमी' फूर्सदका बेला लेखेको भएकाले यस सङ्ग्रहको नाम 'रविसप्तमी' राखेको हो भनेर रामलाल आफैले बताएका छन् ।[५]

पूर्ववर्ती चरणमा निबन्ध लेखनको अभ्यास गरेका हुनाले यस चरणमा रामलाल निकै सफल देखिन्छन् । प्रवृत्तिगत हिसावले हेर्दा पनि पूर्ववर्ती चरण भन्दा परिपक्व र प्रौढ देखिएका छन् । पूर्ववर्ती चरणवाट भिन्न बनाउने मूल

---

[४] मिलन प्रधान, पूर्ववत् ।

[५] ऐजन ।

विशेषता भनेको निजात्मकताको सुरुवात् हुनु तथा तथ्यमूलकता पाइनु हो । पहिलो चरणका निबन्धहरू हस्यौली तथा व्यङ्ग्यात्मक भए पनि तथ्यको त्यति नजिक पुग्न सकेको पाइदैन तर यस चरणमा लेखिएका निबन्धहरू हास्य व्यङ्ग्यका साथ साथै सटिक तथ्यात्मक र निजात्मक छन् । शीर्षक चयनका दृष्टिले पनि पूर्ववर्ती चरण भन्दा यो चरण पृथक देखिन्छ । यो चरणका निबन्धहरूमा लामालामा शीर्षक पाइन्छ जुन विशेषता प्रथम चरणमा देखिदैन थियो । यस चरणको अर्को प्रमुख विशेषता हो खोजमूलकता । रामलालले यस चरणका निबन्धहरूमा विभिन्न खोज अनुसन्धानलाई समेटेका छन् । खोजबाट प्राप्त जानकारीलाई तथ्यपूर्ण तरिकाले निबन्धमा समेटेका हुनाले रामलालका तेस्रो चरणका निबन्धहरू बढी तथ्यमूलक बन्न पुगेका छन् । यिनको 'रविसप्तमी' निबन्धमा सङ्कलित निबन्धहरू हुन् 'नेपाली लोक साहित्यमा सिलोकको स्थान', 'भानुभक्तीय रामायणमा बाली हत्याकाण्ड', 'नेपाली नृत्य परम्परा: एक दृष्टिकोण', 'रामायणका दाजुभाइहरू एशिया - २७ को व.गालमा दार्जिलिङ्ग', 'सिलगढीमा नेपाली संस्था र प्रतिष्ठान' । यी शीर्षकका निबन्धहरू शोधखोजपरक छन् भन्ने कुरा शीर्षकवाटै प्रष्ट हुन्छ । उदाहरणका रूपमा 'सिलिगुढीमा नेपाली संस्था र प्रतिष्ठान' लाई लिउँ । यस निबन्धमा भारतको दार्जिलिङ्ग, सिलगढी, खर्साङ्ग आदि ठाउमा खोलिएका साहित्यिक संस्थाहरूको खोजमूलक विवरण प्रस्तुत गरिएको छ । नेपाली संस्थाको नाममा गठित नेबुला समिति, गोर्खा दुःख निवारण संघ (१९२८) हिमाचल समिति (१९५४) आदिको तथ्यपरक जानकारी प्रस्तुत गरिएको छ ।

निष्कर्षमा भन्नु पर्दा रामलालका यस चरणका निबन्धहरू तथ्यात्मक, लामा शीर्षकका तथा खोजमूलक छन् । पूर्ववर्ती चरणभन्दा सफल रूपमा विषयवस्तुको संयोजन गरेको पाइन्छ । भाषालाई सरल रूपमा खेलाउन सकेका छन् । भाषिक सघनताका कारण यस चरणका निबन्धहरू सटिक समेत बन्न पुगेको पाइन्छ ।

### ४.२.३ तेस्रो चरण (१९७६-२००५)

रामलालको 'अलौटा र ठेट्ना' निबन्ध सङ्ग्रहको प्रकाशनसागै तेस्रो चरण सुरु हुन्छ । यस चरणका निबन्धहरू पूर्ववर्ती चरणभन्दा परिस्कृत र व्यङ्ग्यात्मक छन् । 'अलौटा र ठेठ्ना' निबन्ध सङ्ग्रहमाजम्मा २१ वटा निबन्धहरू सङ्कलित छन् । आफू विद्यार्थी अवस्थाबाट शिक्षक अवस्थामा प्रवेश गर्दाका अनुभवहरू यस सङ्ग्रहमा सङ्ककलित निबन्धमा समेटिएका छन् । त्यसैले यस चरणका निबन्धहरू बढी मात्रामा आत्मपरक छन् ।

यस चरणमा रामलालको निबन्ध लेखन द्रूत गतिमा भएको छ । संख्यात्मक तथा गुणात्मक हिसावले पनि यो चरण उत्कर्षको चरण हो । यस चरणमा रामलालका तीनवटा निबन्ध सङ्ग्रह प्रकाशन भएका छन् । ती हुन्- 'अलौटा र ठेट्ना' (१९७६), 'निसंस्मरण' (१९९५), 'विदित अविदित' (१९९८) ।

यिनको अलौटा र ठेट्ना निबन्ध धेरै आत्मपरक छ । यस सङ्ग्रहमा सङ्कलित २१ वटा निबन्धमा रामलालले आफ्ना जीवन भोगाइका अनुभूतिहरूलाई सार्वजनिक गरेका छन् । यसचरणको यिनको पहिलो निबन्ध हो 'कलेजमा प्रथम दिनको मेरो अनुभव' (१९९६) यस निबन्धमा रामलालले एस.एल.सी. पास गरेर कलेमा प्रवेश गर्दा पाएका अनुभवहरूलाई देखाएका छन् । 'म वि.ए. भएर घर फर्केपछि', 'रामलाल र म', 'मेरो सिद्धान्तविहीन सिद्धान्त' 'म संसद सदस्य हुादो हुा त', 'विहे गर्ने रहर लाग्दा' आदि ।

रामलालको निबन्ध लेखनको तेस्रो चरण विभाजन गर्ने मूल आधार भनेको आत्मपरकता हो । यस चरणका निबन्धमा आत्मपरकतको सुरुवात् भएको छ । यिनले 'कलेजमा प्रथम दिनको मेरो अनुभव' शीर्षकको निबन्ध १९७६ मा लेखे जुन निबन्धमा आफ्नो कलेज जीवनका अनुभवहरूलाई समेटिएको छ ।

यो चरण विभाजनको अर्को आधार हो । नियात्रात्मकता पूर्ववर्ती चरणहरूमा वस्तुपरक तथा हाास्यव्यङ्ग्यको अभ्यास गरेको पाइन्छ । यस चरणमा तिनै पूर्ववर्ती प्रवृत्तिहरूलाई निरन्तरता दिदै रामलाले दुई नवीन प्रवृत्ति भित्र्याए ती हुन्- आत्मपरकता र नियात्रात्मकता । यिनको 'निसंस्मरण' (१९९५) सङ्ग्रहमा सङ्कलित ३१ वटा निबन्धमा यात्रात्मक अनुभवहरूलाई समेटिएको छ । यस सङ्ग्रहमा सङ्कलित उत्कृष्ट निबन्धहरू हुन् 'नेपालमा के छ ?', 'दार्जिलिङ्गः काठमाडौंका दृष्टिमा', 'मेरो घर कुनै समयको', 'स्मृतिका छापमा परेका संस्मरणहरू', 'मेरो पनि अलिकति फुर फुर' आदि । यी निबन्धहरूमा रामलालले नेपाल तथा भारतका विभिन्न क्षेत्रहरूको भ्रमण गर्दा पाएका अनुभवहरूलाई समेटेकाछन् । यसकारण यसचरणका यिनका निबन्धात्मक लेखहरूमा यात्रावर्णन र आत्मपरकताको समिश्रण पाइन्छ जुन विशेषता पूर्ववर्ती चरणहरूमा देखाउन सकेका थिएनन् ।

सन् १९९८ मा गएर रामलालको 'विदित अविदित' निबन्ध सङ्ग्रह प्रकाशन हुन्छ । यस सङ्ग्रहमा पनि यिनै विशेषताहरूलाई निरन्तरता दिइएको छ । यसकारण यिनको निबन्ध लेखनको तेस्रो चरण १९७६ देखि १९९८ सम्म कायम रहेको देखिन्छ ।

## ४.३ रामलाल अधिकारीको निबन्धकारिताको विश्लेषण

नेपाली निबन्धहरूको विश्लेषण पद्धति क्रमशः विकसित हुन थालेको छ । यसका निमित्त डा. ईश्वर बराल, कुमारबहादुर जोशी, राजेन्द्र सुवेदी आदिले महत्त्वपूर्ण जग निर्माण गरेका छन् । यसका साथै त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातकोत्तर तहका केही शोधपत्रले वैज्ञानिक आधारमा निबन्धलाई केलाएको छ । मोहनराज शर्माको 'राम्रो निबन्ध कसरी लेख्ने' तथा बासुदेव त्रिपाठीको संयुक्त प्रकाशनमा प्रकाशित साहित्य श्रृङ्खला भाग १ र भाग २ जस्ता कृतिहरूले निबन्ध विश्लेणको स्पष्ट आधार प्रदान गरेको छ । निबन्ध विश्लेषणका निमित्त उपर्युक्त कृतिहरूले प्रदर्शन गरेका मार्गतिर दृष्टि

लगाउादै र मूलतः नेपाली साहित्य श्रृङ्खलालाई पछ्याउादै यहाा रामलाल अधिकारीका निबन्धहरूलाई विश्लेषण गरिएको छ ।

### ४.३.१ भोकाएको कुकुर के भन्छ ? निबन्ध सङ्ग्रहको विश्लेषण

यो सङ्ग्रह रामलाल अधिकारीको प्रथम निबन्ध सङ्ग्रह हो । ई. १९६२ मा प्रकाशित यस सङ्ग्रहमा निजात्मक शैलीमा रचिएका छ वटा निबन्धहरू सङ्कलित छन् । यस सङ्ग्रहका रचनाको रचनाकालमा अधिकारी विद्यार्थी नै थिए । यस अवधिमा अधिकारी आशलाग्दो युवाको सिर्जनशील प्रतिभा देखिन्छन् । यसै सङ्ग्रहका निबन्धमा काव्यात्मक प्रसङ्ग शरीर निजात्मकता भर्न यिनी निकै सिपालु देखिन्छन् ।[८] निबन्ध विधा अधिकारीको आफ्नै विशिष्टताको खास सिर्जना भएको हुनाले यिनका निबन्धगत समष्टि प्रवृत्ति दिनुभन्दा पहिले अति संक्षेपमा सङ्कलित निबन्धहरूको प्रवृत्ति र सारसंक्षेप दिनु प्रासङ्गिक देखिन्छ । निबन्धगत शीर्षकका आधारमा ती निबन्ध र मूल कथ्य निम्नानुसार छन् :

(क) **'भोकाएको कुकुरले के भन्छ'** ?

यो निबन्ध व्यङ्ग्यात्मक निबन्ध हो । यसमा सामाजिक विश्रृङ्खलता,वैभव, घमण्ड जस्ता विसङ्गत मानवीय प्रवृत्तिहरूलाई इङ्गित गर्दै त्यसको घोर भर्त्सना गरिएको छ । भोकाएको कुकुरमा भोकाएको अन्तर्वेदनालाई अधिकारीले व्यङ्ग्यात्मक प्रस्तुति दिएका छन् । एउटा भोकाएको कुकुरले मानिसको निम्ति आफ्नो जीवन उत्सर्ग गर्दा पनि उल्टै सम्मानको सट्टा घृणा, अवहेलना र उपेक्षा पाउाछ । यसरी यस निबन्धको कथ्य तथा विषयवस्तु भनेको युगिन परिवेशमा मान्छेले मान्छेलाई गरेको घृणित व्यवहारको व्यङ्ग्यात्मक तरिकाले पर्दाफास गर्नु हो । प्रस्तुति सम्प्रेषणलाई स्पष्ट पार्न यस निबन्धका केही शब्द यहाा उद्‍घृत गरिएको छन्- "ए निर्दयी कुर मान्छे, म

[८] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि द्रष्टा दृष्टि**, (काठमाडौं: साझा प्रकाशन, वि.सं. २०४३, पृ. १० ।)

भोको छु, मेरोपेटमा एउटा बालक डले भक्षण गर्ने क्षुधा कङ्काल नृत्य गरिरहेको छ । म लाज पचाएर जुढ्यान चाट्दा ता म माथि चोरको अभियोग लगाई चोर काठा भन्छस् होइन । राम्ररी सम्झि पहिले बच्चामा तयारपाल्ने र काखमा सुताउने अनि पछि तिरस्कार गर्ने ता चोरकि म चोर ?"[७]

यसरी यसनिबन्धमा कुकुरको छद्म अभिव्यक्तिबाट वर्तमान मानवको कृतघ्न आचरणप्रति निबन्धकार अधिकारीले धारिलो व्यङ्ग्य प्रहार गरेका छन् ।

प्रस्तुत निबन्धको भाषाशैली हेर्दा व्यङ्ग्यात्मक पाइन्छ । कुकुरले भनेका शब्दहरूले मानवीय मूल्यमाथि व्यङ्ग्य प्रहार गरेको छ । सघन शब्दहरूको संयोजन गरिएको छ । प्रचलित उखानहरू 'जसको जौ खानु उसकै जुगा मोल्नु आदिको प्रयोगले निबन्ध उत्कृष्ट वन्न पुगेको छ । दार्जिलिङ्ग समाजमा प्रचलित शब्दहरू जस्तै नानीहरू, बच्चा, हवी, ए लौ, आदि शब्दहरू यस निबन्धमा पाउन सकिन्छ ।

**(ख) 'लक्षित जाँड रक्सी'**

नेपाली परम्परागत संस्कृतिमा चलिआएको जााड रक्सी सेवन, ब्राह्मणजातिले त्यसतर्फ देखाएको आक्रोश र जात जान्छ भन्ने अन्धधारणाका पृष्ठभूमिमा यस निबन्धको निर्माण भएको छ । पृथ्वीनारायण शाहले किरााात भेगको विजय जााडका मालिक किरााातेश्वरलाई आफ्नो बनाएबाट सम्भव भएको जस्ता घटनालाई जोडेर अधिकारीले यस निबन्धलाई आत्मानुभूतिपूर्ण बनाएका छन् । फिक्कलमा अधिकारीलाई जााड खान दिदा एउटा भट्टीवालीले भनेको प्रसङ्ग यहाा उल्लेखनीय छ- "आ नि आफू ता वाज्या हुनुहुादो रैछ । नाटकवाट अन्सारकााटे तर आजभोलि त बाजेहरू पनि कमेरे पानी सुरल साक

[७] रामलाल अधिकारी, **भोकाएको कुकुर के भन्छ ?**, (दार्जिलिङ्ग : वि.सं. २०१९), पृ. २-३ ।

भन्दा खोजी खोजी खान्छन् ।"[८] यसरी प्रस्तुत निबन्धले तत्कालीन समयको सटिक चित्रण गरेको छ ।

यस निबन्धको भाषाशैली हेर्दा व्यङ्ग्यात्मक तथा आत्मपरक अभिव्यक्ति पाइन्छ । भट्टी पसल्नीले बोलेका शब्दहरू हाास्यात्मक छन् । यसमा केही मात्रामा दार्जिलिङ्गी भाषाको प्रभाव पनि पाइन्छ । जस्तै- नानी त ठूला जाती रैछौ । यहाा प्रयोग भएको 'रैछौ' शब्द रहेछौ शब्दलाई दार्जिलिङमा रैछौ भनी प्रयोग गरिन्छ, त्यस्तै बाजे शब्दलाई व्यङ्ग्यात्मक रूपमा वाज्या भनी प्रयोग गरिएको छ । शैली विचलन युक्त नभए पनि व्यङ्ग्यात्मक बनाउन खोज्दा व्याकरणात्मक नियम भङ्ग भएको पाइन्छ। जस्तै- हुादोरैछ, बाटोमा, है, आदि ।

**(ग) लभ**

प्रस्तुत निबन्धको विषयवस्तु प्रेम तथा प्रणय हो । निबन्धकारले 'लभ' शब्दको उल्लेख गर्दै वैंशले मत्त युवा युवती सस्तो प्रणयमा आफूलाई समर्पण गरी लभको खास अर्थलाई बुझ्दैनन् भन्ने कुरा दर्शाएका छन् । यस्ता युगल जोडीहरू असफल बनी कवि वन्नतर्फ प्रेरित भएको बोध यस निबन्धबाट झल्कन्छ । कृष्ण र सत्य मामाको प्रेम प्रसङ्ग सम्वन्धी संस्कृतश्लोक उदधृट गरेर अधिकारीले पौराणिक कालमा 'लभ' को अस्तित्त्व देखाएका छन् । अन्तमा शाहजहाा र मुमताजको जस्तो अटल प्रेमको वकालत गरेर यो निबन्ध टुङ्ग्याइएको छ ।

यस निबन्धको भाषा त्यति पुष्ट छैन । संस्कृत र अङ्ग्रेजी शब्दहरूको धेरै प्रयोग गरिएको छ । निबन्धको शीर्षक नै अङ्ग्रेजी शब्दबाट राखिएको छ । 'लभ' शब्द अंग्रेजी भाषाको प्रणय अर्थका लागि प्रयोग हुने शब्द हो । त्यस्तै संस्कृतका स्पर्स, पङ्कज, नयनजस्ता शब्दहरू प्रयोग भएको पाइन्छ । शैलीलाई हेर्दा निबन्धमा व्यङ्ग्यात्मक शैलीलाई नै पच्छाइएको छ । छोटा वाक्यको प्रयोग

---

[८] पूर्ववत् ।

भएको छ । निबन्धको विषयअनुसार प्रयुक्त शैली उपयुक्त नै देखिन्छ । ठाउाठाउामा वर्णनात्मक तथा सम्वादात्मक शैली आएको छ । जस्तैः-

"रविः आज गुड फ्राइडे मनाउने दिन् ।

अनुः मलाई तिम्रो निर्णय स्वीकार्न परिवारले दिदैन ।"[ढ]

### (घ) मैले खैनी खान छोडें

साधारण विषयवस्तुलाई लिएर वर्णनात्मक शैलीमा निबन्धकारले यहाा आत्मभिव्यक्ति दिएका छन् । उनले यस निबन्धमा खैनीको विशेष गुणहरू छन्, खैनी खाएर मानिसहरू आफ्नो वडा पनको अनुभव गर्छ भन्ने कुरालाई अघि सार्दै सुरुमा खैनीका गुण देखाएर अन्त्यमा खैनीबाट हुने हानीहरू निबन्धमार्फत सार्वजनिक गरेका छन् । यस प्रसङ्गमा खैनीका लतले आफ्नो चरित्र पतन भइसकेको र यसको वेफाइदा नै बढी भएकाले खैनी छोडेको आत्मभिव्यक्ति प्रस्तुत गरेका छन् । आत्मा प्रक्षेपण शैलीमा प्रस्तुत भएको यस निबन्धले खैनी, बिडी जस्ता अम्मलहरूको त्याग गर्नुपर्ने सन्देश दिएका छन् । प्रस्तुति रोचक, भाषा सहज र शैली नाटकीय हुनु नै यस निबन्धको विशेषता हो ।

### (ङ) 'म ठूलो भएँछु'

यस निबन्धमा निबन्धकारले ठूलो विशेषण शब्द मान, इज्जत र उमेरका आधारमा होइन, मानिसको अग्लाइको आधारमा लगाएको हुन्छ भन्ने अनौठो कल्पना गरेका छन् । यसरी समाजमा ठूलो भनी अग्ला मानिसप्रतिको सम्मानमा व्यक्त गरिएको व्यङ्ग्यात्मक छटा यहाा प्रस्तुत गरिएको छ ।

बीच बीचमा अङ्ग्रेजी उद्धहरण राखेर निबन्धकारले अग्लाइको रहरलाग्दो उल्लेख गरेका छन् । आफू ठूलो भएको खास रहस्य निबन्धको अन्त्यमा आफ्नो दाह्री आधाकालो आधा सेतो र माझमा फुस्रोभएकोबाट सङ्केत गरेको पाइन्छ । निबन्धकार आफूलाई बाजे भन्ने नामनुकरण गर्नुबाट बञ्चित हुनलाई

---

[९] पूर्ववत् पृ. १० ।

सधै जुङ्गा दाह्री खौरी युवा रहन चाहान्छन् । आमाबाबु जीवित भएका छोराहरूले जुङ्गा दाह्री खौरनु हुन्न भन्ने परम्परागत रुढीवादी धारणाको विरोध गर्छन् र त्यसो गर्दा आफू ठूलो भएको भन्ने आभास प्रस्तुत निबन्धबाट दर्शाएका छन् । निबन्धकारले यस निबन्धमा समाजको विकृति र रुढीवादीपरम्पराको विरोध गर्दै व्यङ्ग्यात्मकता प्रस्तुत गरेका छन् ।

**(च) बाहुन पाती पढ्छ**

'आव्राह्मण ब्राह्मणो व्रह्मवर्यसी आयतामाराष्ट्र' भनी पढ्दा प्रचलित संस्कृत वैदिक मन्त्रअनुसार व्राह्मण परम, तेजस्वी, त्यागी र विद्वान् तपस्वी हुन्छन्, तर पनि उनीहरूले समाजमा अपहेलित जीवन निर्वाह गर्नु परेको तीतो सत्यलाई यहाा उठाइएको छ । वैदिक कालदेखि धर्मकर्म गराउने पुरेत आशीर्वादका पाती पढ्ने ब्राह्मणका रूपमा बाहुनको परिचय गराइएको पाइन्छ । पाती पढ्ने बाहुन भन्ने साथ घेवा गर्ने लामा, लुगा सिउने दमाई र मासु बेच्ने कसाईको हाराहारीमा पाती पढ्नु त्यस्तै पेशा हो भन्ने कुरालाई निबन्धले सुरुमा पस्ट्याएको छ । तर पाती पढ्ने बाहुनका नामबाट सामान्यरूपमा कागखुट्टे कालो, भुत्ले र टुप्पी झुण्डिएको जुन बाजेको चित्र आउाछ त्यसलाई समाजले लोभी भनेकामा निबन्धकार आक्रोश व्यक्त गर्छन् । बाहुन काठा भन्ने शब्दबाट पनि यस्तै अवहेलना झल्किन्छ । समाजको यस प्रवृत्तिप्रति व्यङ्ग्य गर्नु नै यस निबन्धको उद्देश्य हो ।

भाषाशैलीलाई हेर्दा यस निबन्धमा उत्कृष्ट भाषिक प्रयोग पाइन्छ । अधिकांश संस्कृतका शब्दहरू प्रयोग गरिएको छ । शब्दका तहमा मात्र नभएर वाक्यहरू पनि संस्कृतका प्रयोग भएका छन् । जस्तै- हरि हि ऊा, आ व्राह्मण व्राह्मणी ... । प्रसङ्ग अनुसार वैदिक मन्त्रहरूलाई जस्ताको तस्तै राखिएको छ । शैलीलाई हेर्दा निबन्ध वर्णनात्मक शैलीमा संरचित छ । विषय झीनो भएपनि निबन्धकारले वर्णन गर्दै तन्काएका छन् । व्यङ्ग्यात्मक अभिव्यक्तिका कारण शैली विचलन युक्त तथा हास्यव्यङ्ग्यात्मक छ । शब्द प्रयोग पनि हासाउने

खालका छन् उखान टुक्काहरू प्रसस्त प्रयोग भएको पाइन्छ । जस्तै बाहुन काठा लप लपे पानीको धारा तप तपे, आदि । यसरी आलोच्य निबन्ध भाषाशैलीका दृष्टिबाट विश्लेषण गर्दा पनि उत्कृष्ट पाउन सकिन्छ ।

### ४.३.२ रविसप्तमी निबन्ध सङ्ग्रहको अध्ययन

'रविसप्तमी' ई १९७३ मा प्रकाशित रामलाल अधिकारीको दोस्रो निबन्ध सङ्ग्रह हो । यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू मध्ये कतिपय निबन्धहरू पहिले नै पत्र पत्रिकामा छापिइसकेका छन् ।यिनका यस सङ्ग्रहमा सङ्कलित कतिपय निबन्धहरू खर्साङ्ग रेडियोबाट पनि प्रसारित भएका छन् ।[१०] यो निबन्ध सङ्ग्रह रामलालको निबन्ध यात्राको दोस्रो चरणको उपलब्धी हो । 'भोकाएको कुकुर के भन्छ ?' को प्रकाशन पछि एक दशकको लामो साधनाबाट प्रकाशित भएको रवि सप्तमी निबन्ध सङ्ग्रहका निबन्धहरू बढी सटिक सोद्देश्यमूलक र खोजपूर्ण छन् । वर्ण्य विषयलाई तथ्यमूलक रूपमा लैजानु यस सङ्ग्रहको विशेषता मान्नु पर्छ । यस सङ्ग्रहमा प्रबन्धात्मक मूल्यका रचनाहरू समावेश भएपनि निबन्धात्मक मूल्यका दृष्टिले पनि उत्कृष्ट छन् । अधिकारीका यी सङ्ग्रहभित्रका निबन्धमा निजात्मक तत्त्व र संस्कार चरित्रमा रहेका विकृतिलाई व्यङ्ग्य गर्ने विशेषता पर्याप्त मात्रामा देख्न सकिन्छ ।[११] सुरुको निबन्धभन्दा यस सङ्ग्रहमा परेका निबन्धहरूमा यिनको निबन्धकारिता प्रखर रूपमा स्पष्टिएको छ । यस सङ्ग्रहमा सातवटा निबन्धहरू समावेश भएका छन् । सात रविको फूर्सदमा लेखिएकाले त्यसैलाई सम्झेर 'रविसप्तमी' नाम दिएको प्रसङ्ग उलेखनीय छ । निबन्धकार रामलाल अधिकारी सङ्ग्रहको नामाकरणबारे टिप्पणी गर्दै भन्छन् । रवि भनेको आइतबार हो । जागिरेको फूर्सदको दिन यस्तै रविहरूको रमाइलो माया भरी लेखिएका सातवटा प्रबन्धहरू सङ्कलित भएको 'रविसप्तमी'[१२] यस

---

[१०] मिलन प्रधान, **रामलाल अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्त्व**, एम.ए.को शोधपत्र त्रि.वि., पुस्तकालय (अप्रकाशित) ।

[११] राजेन्द्र सुवेदी पूर्ववत् ।

[१२] रामलाल अधिकारी, **हतार छैन भने:** रवि सप्तमी लेखक स्वयं, दार्जिलिङ, ई १९७३ पृ. ५२ ।

सङ्ग्रहमा सङ्कलित सात निबन्धहरूको विषयवस्तु र भाषाशैलीका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### (क) नेपाली लोकसाहित्यमा सिलोकको स्याल

सर्वप्रथम आकाशवाणी खर्साङ्गबाट प्रसारित यो निबन्ध खोजपूर्ण छ । यसमा श्लोक भन्ने नेपाली साास्कृतिक परपराको वर्णन पाइन्छ । यहाा प्राय सुसुप्त रहेका नेपाली संस्कृति र परम्परालाई जोगाइ राख्नु पर्ने जस्ता विषयमा निबन्धकार रामलाल अधिकारीले यस निबन्धमार्फत आफ्ना विचारहरू निर्देशित गरेका छन् । यसबाट नेपाली संस्कृति र परम्पराप्रति निबन्धकारको मोह परिलक्षित हुन्छ । नेपाली समाजमा सिलोक भन्ने परम्परा पुरानो संस्कृति हो । खासगरी विवाहमा सिलोक हाल्ने गरिन्थ्यो । यो परम्परा अहिले पनि कताकति गाउातिर विद्यमान छ ।

प्रस्तुत निबन्धको मुख्य विषयवस्तु भनेको यही हो । नेपाली भाषामा प्रचलित सिलोकको कस्तो स्थान छ । कति महिमा छ । त्यसलाई केलाउने काम यहाा रामलालले गरेका छन् । यस निबन्धको भाषा सरल छ । सिलोकहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिएकाले तुकबन्धियुक्त अन्वेषणमूलक शैलीको प्रयोग भएको छ ।

### (ख) 'भानुभक्तीय रामायणमा बाली हत्याकाण्ड'

यो निबन्ध सर्वप्रथम नेपाली साहित्य सम्मेलनद्वारा भानुभक्त स्मारक ग्रन्थमा प्रकाशित भयो ।[ञघ] यसपछि मात्र यस निबन्धलाई उक्त सङ्ग्रहमा समावेश गरियो । हिन्दुहरूको धार्मिक ग्रन्थ रामायणमा वर्णित वालीको हत्याकाण्ड विषयलाई लिएर लेखिएको निबन्धमा निबन्धकारले तार्किकता पूर्ण अभिव्यक्ति दिएका छन् । भानुभक्तीय रामायणका हत्याकाण्डको कतिपय श्लोकहरूलाई समेत यसमा समावेश गरिएको छ । वालीको हत्यालाई

---

[१३] रामलाल अधिकारी **निसंस्मरण**: सिक्किम श्रीमती दिलकुमारी भण्डारी (१९५५ ई)

षड्यन्त्रपूर्ण रामले गारेको खैया भनीरजनैतिक प्रसङ्ग समेत यस निबन्धमा समावेश गरिएको छ । वालीलाई रामले अविवेकी पूर्ण रूपबाट हत्या गरेका हुन् भन्ने कुरालाई पूष्ति गर्न यहाा विभिन्न प्रसङ्ग जोडिएको छ ।

प्रस्तुत निबन्धको भाषा सरल तथा सहज छ । यद्यपि कक्षाकति संस्कृत तथा माध्यमिक कालीन भाषाको समेत प्रयोग गरिएको छ । कतिपय ठाउामा भानुभक्तका रामायणका श्लोकहरू समेत संयोजन गर्दा माध्यमिककालीन भाषाको प्रयोग हुन पुगेको हो । निबन्धको शैली वर्णनात्मक तथा तार्किक छ । वालीलाई रामले षडयन्त्रपूर्ण रूपबाट मारेको भनी तर्कद्वारा सिद्ध गर्न खोजिएको छ ।

**(ग) नेपाली नृत्य परम्पराः एक दृष्टिकोण**

यो निबन्ध रामलाल अधिकारीको आफ्नो आभ्यासिक लेखन पछिको उपज हो । त्यसैले यसमा परिपक्व निबन्धकारका लक्षणहरू देख्न पाइन्छ । प्रस्तुत निबन्धमा रामलालले जातीय विशेशानृत्यहरूको परिचय दिएका छन् । यस क्रममा नाट्यवादको उत्पत्ति, लिच्छविकालीन नाटक राणा कालमा डम्मर शमशेरले स्थापना गरेको रोयल इम्पेरियल अपेर हाउस नामक नाचघरको निर्माणका साथै नेवारी, मैथली, भोजपुरी, नेपाली नृत्य परम्पराको पनि उल्लेख गरिएको छ । रत्यौली नृत्यलाई श्लील वनाउनुपर्छ भन्ने अधिकारीको धारणा छ । अन्त्यमा निबन्धकारले नेपालमा प्रचलित परम्परागत नृत्यलाई आधुनिकीकरण गर्न सके वर्तमानमा प्रचलित पाश्चात्य सङ्गीतको प्रभावलाई कम गर्न सकिने विचार प्रकट गरेका छन् । गाउाघरतिर पनि नयाा सभ्यताको प्रवेशले प्राचीन नेपाली नृत्यपरम्परा लोप हुन लागेको स्थितिप्रति रामलाल चिन्तित छन् । यसस्थितिमा बौलाउन लागेको नेपाली नृत्य परम्परालाई पुरानो पहिचान कायम राखेर आधुनिकीकरण गर्दै लैजानुपर्ने सुझाव निबन्धकारले दिएका छन् ।

**(घ) रामायणका दाजुभाइ**

निबन्धकारले यस निबन्धमा एकातिर रामायणका आदर्श दाजुभाइ राम र लक्ष्मणको आपसी मेल, सद्भावना, निष्ठा, कर्तव्यपरायणमा र एक अर्काप्रतिको स्नेह ममता तथा बलिदानको प्रतिछवि उतारेका छन् भने अर्कातिर यही समाजभित्र विभिषण जस्तो दुराचारी कुलङ्गार भाइको जन्मले पारिवारिक संरचना नै दुर्घटित बन्न सक्छ भन्ने तथ्य अगाडि सारेका छन् । भानुभक्तिय रामायणाट राम, लक्ष्मण र भरतसाग सम्बन्धित विविध श्लोकहरू उद्धृत गरेर निबन्धकारले भातृत्वको राम्रो उदाहरण प्रस्तुत गरेका छन् । यस निबन्धको मौलिक पक्ष के छ भने राम लक्ष्मणका दृष्टिले विभिन असल पात्र होला तर दाजु रामणका दृष्टिमा ऊ कलङ्क पात्र हो । यसरी यस निबन्धमा रामायणका कतिपय घटनालाई तथ्यपूर्ण तथा न्यायिक दृष्टिले हेरिएको छ ।

भाषिक प्रयोगका दृष्टिले यो निबन्ध त्यति सफल मान्न सकिदैन । यसमा व्यङ्ग्यात तथा ओजश्वी शब्दहरू कम छन् । विषयवस्तुको सतही वर्णन मात्र पाइन्छ । शब्द चयनमा केही सिथिलता आएको छ । रामायणको विषयवस्तुलाई ल्याइएको हुनाले केही अस्पष्ट तथा जटिल संस्कृतका शब्दहरूको प्रयोग गरिएको छ । शैली पनि साहित्यिक भन्दा शोधपरक तथा तथ्यात्मक छ । विषयवस्तुलाई तार्किकरूपमा हेरिएका कारणले यस्तो शैलीको बन्न पुगेको देखिन्छ ।

### (ङ) शिलगढीमा नेपाली संस्था प्रतिष्ठान

प्रस्तुत निबन्ध खोजमूलक छ । यसमा नेपाली भाषा प्रसारणका लागि भारतको दार्जिलिङ्ग सिलगढी, सिलाङ्ग आदि क्षेत्रमा स्थापना गरिएका संस्थाहरूको विवरण दिइएको छ । नेपाल बाहिरका संघ संस्थाहरूले नेपाली भाषा साहित्यको उत्थान र विकासका के-कस्तो योगदान दिए भन्ने कुरालाई यस निबन्धले समेटेको छ । भारतको नेपालीहरू बसोबास गर्ने भूमिका नेवुला ई. (१९५०), हिमाचलसमिति ई. (१९५८), देवकोटा संघ (१९६३) आदि

संस्थाहरू स्थापना भएर नेपाली साहित्यको विकासमा उल्लेखनीय भूमिका खेलेको चर्चा यहाा उठाइएको छ ।

निबन्धको भाषा सहज छ । चलन चल्तिका शब्दहरूको प्रयोग गरिएको छ । थोरै वाक्यमा धेरै भनाइहरू अपनाइएकाले सघनशैलीको प्रयोग छ । कताकति विश्रृङ्खलित रूपमा विषयवस्तु अगाडि बढाइएकाले शङ्कर लामिछानेको चेतन प्रवाह शैलीको अनुकरण गरेको हो की ? भन्न पनि सकिन्छ तर फेरी विषयवस्तुलाई ठीक ठाउामा मोडिएकाले चेतन प्रवाह शैलीको संज्ञा दिन भने सकिदैन ।

### ४.३.३ अलौटा र ठेट्ना निबन्ध सङ्ग्रहको अध्ययन

अलौता र ठेत्ना ई. (१९७६) निबन्ध सङ्ग्रह रामलालको तेस्रो निबन्ध सङ्ग्रह हो । निबन्ध यात्राका दृष्टिले पनि यो निबन्ध यिनको तेस्रो चरणको उपज हो । प्रवृत्तिगत दृष्टिले पूर्ववर्ती दुई सङ्ग्रहभन्दा यो सङ्ग्रह पृथक छ । पूर्ववर्ती चरणका सङ्ग्रहमा शोध खोज र विवरणका कुराहरू आएका छन् भने यस सङ्ग्रहमा आत्मपरकता पाइन्छ । यस सङ्ग्रहले व्यक्तिगत निजात्मकताको सङ्केत दिएको छ । यस निबन्ध सङ्ग्रहका बारेमा स्वयं निबन्धकार टिप्पणी गर्दै भन्छन्- विषयगत शैलीका आधारमा यसले मेरो दोस्रो सङ्ग्रह भन्दा प्रथम सङ्ग्रहसाग निकटता राखेको छ ।"[१४] निबन्धकार अधिकारीका अनुसार यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू कुनै अरूको अनुरोधमा लेखिएको, कुनै पत्रिकामा पूर्व प्रकाशित र कुनै सर्वप्रथम यसै सङ्ग्रहमा प्रकाशित पनि छन् ।

यस सङ्ग्रहसम्म आइपुग्दा अधिकारी नेपाली साहित्यमा आत्मपरक रूपमा प्रतिष्ठित भइसकेका छन् । डा. ताना शर्मा यस सङ्ग्रहका बारेमा

[१४] रामलाल अधिकारी, **अलौटा र ठेट्ना** अजला भगवती प्रकाशनः दार्जिलिङ, ई (१९७६) पृ. १६

टिप्पणी गर्दै भन्छन्- 'अलौटा र ठेट्ना' भित्रका निबन्धले मात्र पनि नेपाली निबन्ध विधाकै उज्वल भविष्यको सगर्भ सङ्केत गरेका छन् ।[15]

सङ्ग्रहमा सङ्कलित निबन्धको अध्ययन गर्दा पनि यहाासम्म आइपुग्दा अधिकारीको निबन्धलेखन देवकोटा, हृदयचन्द्र, शङ्करलामिछानेकै आत्मपरक निबन्ध सिर्जनाको परम्परामा नौलो वान्की लिएर देखा परेको पाइन्छ । आफ्नो माना खाएर आफ्नै कुरा गर्ने स्वीकारोक्तिले पनि यस सङ्ग्रहमा निजात्मक अभिव्यक्ति भएको पुष्टि हुन्छ । यति भएर पनि प्रस्तुत निबन्धलाई काचो कचिलो भएको सम्भावना देखेर निबन्धकारले अलौटा र ठेट्ना शीर्षक राखेका छन् । स्वयं अधिकारीले यस सङ्ग्रहको आमुख भूमिकामा शीर्षक बारे चर्चा गर्दै भनेका छन्- "केही होइन, मकै भुट्न बसेको थिए । केही काचा र अलौटा च्याउा मकै परेका छन् अरूबाट पनि फूल उठेका छैनन्, ठेट्ना परे । अहिलेको घान यस्तै भयो । पछि सुकेका मकै भुटौला र त्यसबेला फूल उठे उठ्लान नत्र त्यतिकै भयो ।"[16] वास्तवमा निबन्धकारले आफ्ना निबन्धलाई 'अलौटा र ठेट्ना' भनेर महत्त्व नदिए पनि यी निबन्ध मकैका फूल झै सग्ला छन् । आत्मपरक निबन्ध लेखनको परम्परामा आफ्नो स्वतन्त्र पहिचान कायम गर्न यस सङ्ग्रहभित्रका निबन्धहरूले कतै संस्मरणात्मक, कतै विवरणात्मक र कतै व्यङ्ग्य प्रस्तुत गरेका छन् ।

प्रस्तुत निबन्ध सङ्ग्रहसम्म आइपुग्दा अधिकारीको निबन्ध लेखन कलाले आफ्नो गोरेटो पहिल्याइसकेको हुन्छ । नेपाली निबन्ध फााटमा विशेष रूपमा यिनको नाम लिन थालिसकिएको हुन्छ । कथा, कविता, एकाङ्की आदि अन्य विधा भन्दा निबन्ध विधा नै उत्कृष्ट भएको तथ्य यिनकै घनिष्ठ साथीहरूबाट उल्लेख भएको कुरालाई स्वयं अधिकारीले यसरी व्यक्त गरेका छन् । मैले कविता, कथा, एकाङ्की, उपन्यास र समालोचना लेख्दा नै निबन्ध लेख भनेर

---

[१५] तारानाथ शर्मा, (सम्पा.) **नेपाली निबन्धको पच्चीस वर्ष**, ने.रा.प्र.प्र., काठमाडौं, वि.सं. २०३९ पृ.२२ ।

[१६] रामलाल अधिकारी, पूर्ववत् पृ.१० ।

हकारी दिने साथीहरूलाई यसरी नेपाली निबन्धका फाँटमा रामलाल अधिकारीको विशेष योगदान रहेको कुरा अन्त साक्षका साथै बढी साक्षबाट पनि प्रमाणित हुन्छ ।

प्रस्तुत सङ्ग्रहमा एक्काईसवटा निजात्मक निबन्धहरू समाविष्ट छन् । यी निबन्धहरूको अध्ययन गर्दा समाज, जीवन, जाती, राष्ट्रिय र आर्थिक संरचना आदिका विभिन्न असङ्गतिलाई टिप्पणी र चेतावनी दिने जस्ता काम निबन्धकार रामलाल निबन्धकार रामलाल निरन्तर भएको पाइन्छ ।[१७] तत्कालीन सामाजिक परिवेशका अति सामान्य विषयलाई समेत छोएर लेखिएका यी निबन्ध आफैमा पूर्ण र आस्वाद्य छन् । यिनका निबन्धहरूको विषयवस्तुहरूको आधारमा निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

**(क) कलेजमा प्रथम दिनको मेरो अनुभव**

प्रस्तुत निबन्धमा निबन्धकारले आफैले अनुभव गरेका विषयवस्तुलाई निजात्मक शैलीमा सहजतासाथ चित्रण गरेका छन् । यो सस्मरणात्मक निबन्ध हो । म्याट्रिक पास गरी उच्च शिक्षा अध्ययनार्थ गएका हरेक विद्यार्थीले कलेजमा भोगेका तीता मीठ अनुभवहरूलाई यस निबन्धले दर्शाएको छ ।

निबन्धको मुख्य विषयवस्तु कलेजमा जाँदाको अनुभव हो । भाषाशैलीलाई हेर्दा यस निबन्धमा सरल, सहज तथा बोधगम्य शब्दहरूको प्रयोग भएको छ । आत्मपरक शैलीलाई रीतिक्षेत्र बनाएर लेखिएको यो निबन्ध उत्कृष्ट निबन्धहरूमध्ये एक हो ।

**(ख) केवल दुई रोटीको तिर्सना**

---

[१७] रामलाल अधिकारी, पूर्ववत् पृ.११ ।

प्रस्तुत निबन्धमा समाजका दलित र शोषित वर्गको तिरस्कार र वितृष्णाहरूको अन्ववदनालाई उदाङ्गो पारिदिएको छ । आफ्ना आवश्यकता पूर्तिका निम्ति केवल बााच्नलाई मानिसहरू साााझै बिहान दुईटुक्रा रोटीको प्राप्तिको चाहना गर्छन् भन्ने तथ्यलाई यस निबन्धमा आत्मपरक शैलीमा प्रस्तुत गरेका छन् ।

### (ग) सर्टिफिकेट

वर्तमान परिवेशमा सर्टिफिकेटको मूल्य बुझिसकेका मानिसहरू त्यस भन्दा बढी आफ्नो लागतलाई प्रशंसा गर्दछन् । तर यसका विपरित प्रचलित वर्तमन समाजमा योग्यताको औचित्यलाई नबुझेर सर्टिफिकेटलाई नै विशेष महत्त्व दिने गरिन्छ । यस्तै विसङ्गतिप्रति निबन्धकारले कटु व्यङ्ग्य प्रहार गरेका छन् ।

### (घ) 'मेरो सिद्धान्त विहीन सिद्धान्त'

सानो विषयवस्तुलाई लिई टाढासम्म स्वच्छ विचरण गर्न रुचि राख्ने निबन्धकार अधिकारी यस निबन्धमा सिद्धान्त विहीन भएर बााच्नुपर्ने बाध्यतालाई जोड दिन्छन् । यद्यपि महान विचार भएका साहित्यिक तथा राजनैतिक व्यक्तित्वको आफ्नो सिद्धान्त हुन्छ । मान्छे मान्छेसाग सिङन जोडी शान्तिपूर्वक बााच्नु र बााध्न दिनु उसको सिद्धान्त हो भन्ने कुरालाई यस निबन्धमा उद्घाटन गरिएको छ ।

### (ङ) 'मान्छेको पुच्छर'

प्रस्तुत निबन्धमा निबन्धकारले पुच्छरबारे आफ्नो मन्तव्य पोखेका छन् । आदिकालमा मानिसको सृष्टि वाादरबाट विकसित भएको हो भन्ने डार्विनको विकासवादी सिद्धान्तलाई यहाा चर्चा गरिएको छ । मानपदवीको विकृतिका कारणले मान्छे डार्विनको पुखर्यौली पुर्छे मान्छेतिर फर्किएको देखिन्छ । आजका विकसित मानिसका रूपमा यस्ता पुच्छर र भुत्ला नभएका मानिसहरू नै सभ्य

मानिन्छन् । यस अर्थलाई व्यङ्ग्यात्मक रूपमा उपस्थापन गर्दै दोहोरीमात्र बुझिने गरी यस निबन्धमा प्रस्तुत गरिएको छ । निबन्धमा सभ्यता र आदर्शका नाममा मान्छेमा थपिदै आएको मानपदवीलाई पुच्छर पलाएको भनी निबन्धकारले मानिस ज्ञानबिनाको पशु सरह हो भन्ने सङ्केत निबन्ध मार्फत दिएका छन् ।

**(च) हिजो रातिको मेरो मनस्थिति**

रामलाल अधिकारीले आफ्नो मनको एक झल्को स्मृतिलाई यस निबन्धमा व्यक्त गरेका छन् । विगतका दिनमा उनका निबन्धले विभिन्न कुराहरू सोचेको हुन्छ । दार्शनिक पृष्ठभूमि आउाछ, आदर्शको कुरा उब्जिन्छ र दैनिक व्यवहारको चापले उनलाई कार्यक्षेत्रमा प्रेरित गर्छ । विश्व एउटा परदेशीहरूको धर्मशाला हो भन्ने दार्शनिक विचारले परिपक्वता प्राप्त नगर्दा व्यवहारिक झमेला आइपर्छ । यथार्थमा मानिस जहाा बसे पनि विभिन्न देशमा निर्मित वस्तुहरूको उपयोग उसले गरिरहेको हुन्छ । यसकारण मानिसहरू आफूलाई समस्त विश्वको नागरिक हाु भन्ने कुराबाट अभिप्रेरित हुनुपर्छ भन्ने तथ्य यहाा प्रस्तुत गरिएको छ । यस निबन्धमा निबन्धकारले राष्ट्रवादका साथै अन्तराष्ट्रिय चेतना प्रष्ट पारेर आपसी सम्झौता, सद्भावना जस्ता आजका आवश्यकतालाई यहाा दर्शाइएको छ ।

**(छ) पढेको मूर्ख**

शिक्षित मानिसहरूले अध्ययन गरेर नै सरकार, समाज, संस्कृतिको ज्ञान आर्जन गरे पनि स्वयंले आत्मिक तथा भौतिक उत्पत्ति गर्न नसकेको उनीहरूले हीनताको अनुभव गर्नुपर्छ भने तथ्यलाई यहाा प्रस्तुत गरिएको छ । शिक्षित मानिसहरूलाई परिस्थिति र समयानुकूल शिष्ट, सभ्य र अनुशासित आचार व्यवहार गरे पनि समाजमा उल्टै पठित मूर्ख भन्नैपर्ने बाध्यता रहन्छ । शैक्षिक संस्थाहरूले प्रत्येक व्यक्तिको सोचाई तथा धारणालाई एउटै वनाएर छाडिदिन्छ जसले गर्दा बेरोजगारी समस्या दिदानुदिन बढ्दै रहन्छ यस स्थितिमा अपठित

समाजका सामु पठित मुर्ख भएर बाच्नु पर्छ । यसरी मानवले ज्ञान र विद्धतालाई दुरूपयोग गरेको देखेर निबन्धकारले व्यङ्ग्य गरेका छन् । निबन्धकारले आफै भित्र गुम्सिएका अर्न्तवेदनाहरू दर्शाउदै निजी धारणालाई आकर्षक शैलीमा व्यक्त गरेका छन् ।

(ज) **रामलाल र म**

प्रस्तुत निबन्ध पनि निजात्मक अनुभूति गरिएको निबन्ध हो । यस निबन्धमा निबन्धकारले आफ्नो नामको विषयमा संस्मरणात्मक लेख प्रस्तुत गरेका छन् । निबन्धकारको नाम जसरी रामलाल हुनगयो उसले गरेको धर्म यश, काम आदि सबै रामलालको व्यक्तित्वको परिचय बन्न थाल्यो । यस स्थितिमा रामलाल नामकरणमा आफैले आफैप्रति गर्व गर्ने प्रवृत्तिको उदय भएको हुन्छ । प्रौढ अवस्थामा रामलालको नामबाट सम्बोधन गर्दा बिचित्र अनौठो र भद्दा नसुनिने बोध उनलाई हुन थाल्छ ।

(झ) **'फोक्सो र मुटुको ग्यारेन्टी'**

प्राणीको फोक्सो र मुटु प्राकृतिक नियमबाट अविरल गतिले चलिरहन्छन् । तसर्थ यसको स्थायित्वमा भने ग्यारेन्टी छैन । यी क्षण यस्तो व्यापक संसारमा वैज्ञानिक विवेकी आविष्कारकहरूले धेरै कुराको आविस्कार गरे तर यही सृष्टिको सौन्दर्य संवर्धन गर्ने मानिसको फोक्सो र मुटुको ग्यारेन्टी भने दिन सकिरहेका छैनन् । संसारमा धूर्तहरू पनि प्रशस्त छन् । जसले मानिसको फोक्सो र मुटु बनाउने अभियान त गरे तर ग्यारेन्टी दिन सकेका छैनन् । निबन्धकारले यस निबन्धमा मानिसप्रति मानिसले गरेको चलाखी, छलकपट र षड्यन्त्रको विरुद्ध ईश्वरसाग असन्तोष दर्शाएका छन् । प्रस्तुत निबन्ध व्यङ्ग्य प्रधान छ । यसमा अधिकारीले युगीन वैज्ञानिक होडबाजी र त्यसबाट आएको असन्तोष, कुण्ठा तथा पीडाप्रति कटुव्यङ्ग्य गरेका छन् ।

(ञ) **म वीए. भएर घर फर्किएपछि**

प्रस्तुत निबन्ध स्वयं अधिकारीले स्नातक परीक्षा उत्तीर्ण गरेपश्चात लेखेका हुन् । त्यसैले यसमा उनको वैयक्तिक छाप प्रशस्त भएको पाइन्छ । यो निबन्ध ई. १९८६ मा 'धुवा' पत्रिकाको वर्ष ३, अङ्क १३ मा प्रकाशित भइसकेको छ ।

प्रस्तुत निबन्धमा निबन्धकाले आफ्नो बाल्यावस्थामा विताएको चित्रण आकर्षक शैलीमा गरेका छन् । आफ्नो बाल्य साथी-भाइसाग खेलेको मनोरञ्जनात्मक खेल र अज्ञानतावश गरेको उपद्रोको पनि उनी स्मरण गर्छन् । बर्षौ पछि शहरको सभ्य वातावरणबाट शिक्षित, उच्च, आदर्श भई पुनः गाउा फर्केको बेला बाटामा असङ्ख्य प्राणी र वस्तुहरूबाट स्वागत हुादा पनि उनमा सन्तोष प्राप्त हुन नसकेको आभास हुन्छ । शहरीया वातावरणबाट बिरक्तिएर उनी फेरी गाउाघरको जीवन विताउन चाहान्छन् ।

**(ट) परदेशीहरूले बनाएको ग्यारेजको देश**

प्रस्तुत निबन्ध यस सङ्ग्रहमा प्रकाशन हुनु पूर्व 'बाडुली' (संझना १, हिक्का २) पत्रिकामा १९९८ मा प्रकाशन भएको थियो । यस निबन्धमा उदार परोपकार हृदय भएको नेपाली जनजातिहरू पहाडबाट मदेस लाग्दा त्यसैका संकीर्णसमाज तथा कोलाहलपूर्ण वातावरणमा घुलमिल भएर जीवन निर्वाह गर्न गर्नुपर्ने अनेक व्यवधानलाई चित्रित गरिएको छ । प्रस्तुत निबन्धमा नेपाली जाती, उनीहरूले पाएको दुःख र बसाई सराइका कारणबाट जन्मिएको समस्या प्रति व्यङ्ग्य गरिएको छ ।

**(ठ) बाहुन कातर हुन्छ**

प्रस्तुत निबन्धमा निबन्धकार अधिकारीले तत्कालीन समाजको जातिभेद, साम्प्रदायिक कटुता र हीनताबोधप्रति तीखो व्यङ्ग्य प्रहार गरेका छन् । मेरो जाति मानव र मेरो जात नेपाली हो भनेर प्रत्येक नेपाली जातीहरूले आफ्नो चिनारी दिन सक्नु पर्छ भन्ने सन्देश यस निबन्धले दिएको छ । वर्तमान

समाजमा बाहुन कातर हुन्छ भन्ने भनाइलाई पुष्टि गर्न निबन्धकारले बढो चतुरताको साथ विभिन्न उदाहरणहरू दिदै त्यसप्रति कटु व्यङ्ग्य प्रहार गरेका छन् । नेपाली जातिमित्र सम्पूर्ण जाति मिलेर एकता र मैत्रीपूर्ण सम्वन्ध कायम गरी एउटै समाजमा मान मर्यादाको साथ बााच्न सक्नुपर्छ भन्ने सुधारात्मक दृष्टि निबन्धकारको रहेको छ ।

### (ड) बिहे गर्ने रहर लाग्दा

समाजमा अविवाहित व्यक्तिले भोगेका समस्याजनित जीवनको तिक्तता बोध यस निबन्धमा प्रस्तुत छ । पुरुष र महिलाका आ-आफ्ना स्वभाव, चरित्र वातावरण र शारीरक गठनले गर्दा भिन्नै देखिए पनि मूलतः उनीहरू पूर्ण मान्छे हुन् । यिनमा पनि विवाहित नभएको अवस्थामा स्त्री पुरुष आफैमा अपूर्ण र एक्लोपनको अनुभवले गर्दा मनोवैज्ञानिक असर पर्न सक्छ । आफू अविवाहित रहेर हरेक थोकको सृष्टि गर्ने यस समाजमा स्वयं पुरुषत्वको चिनारी प्रस्तुत गर्न आफू झैं छोराको कथ्य विषयवस्तु प्रस्तुत निबन्धमा सिर्जित छ ।

### (ढ) गृहस्थीको समाधि

योगीहरू योग साधनद्वारा ब्रह्मनन्द प्राप्त गर्न संसारका मानसिक तथा भौतिक सुखभोगबाट बञ्चित रहन्छन् । यस्तै समाजमा गृहस्थहरू समाधिलाई सफल गराउन गृहस्थ समाधिलाई सफल गराउन गार्हस्थ जीवनको सफलता पछि आन्दानुभूति प्राप्त गर्छन् भन्ने आशय यस निबन्धले सङ्केत गरेको छ । निबन्धकारले यस निबन्धमा वक्रोक्तिपूर्ण शैलीमा व्यवहारिक जीवनप्रति बढो मोह प्रकट गरेका छन् ।

### (ण) 'पोइल गएकी स्वास्नीको छोरासँग'

यो निबन्ध 'नेपाली निबन्धको पच्चीस वर्ष' सम्पा डा. तारानाथ शर्मा वि.सं. २०३९ मा प्रकाशित पुस्तकाकार कृतिमा समविष्ठत छ । पुरुषत्व र पतित्त्वको अहम्मा आघात परेर बााचेका लोग्ने मानिसहरूको हृदय आफ्नो

स्वास्नीसाग निकटतामा उद्वेलित, भाववेग, जीवनको तिक्तताबोध, असम्पूर्णता छोराप्रतिको अपूर्ण माया ममता कतिसम्म जर्जरित भएर रहेको हुन्छ । यसको आत्मभिव्यञ्जना प्रस्तुत निबन्धमा पाइन्छ ।

(त) **दौरा सुरुवाल**

प्रस्तुत निबन्धमा निबन्धकारले नेपाली राष्ट्रियताप्रति अगाध प्रेम प्रकट गरेका छन् । नेपाली पोसाक दौरा सुरुवालको गरिमा र महत्वलाई यस निबन्धमा देखाइएको छ । वर्तमान अवस्थामा पाश्चात्य फेसनको प्रभावले राष्ट्रिय पोसाकलाई बिर्सिदै गएका नेपालीहरूमाथि पनि निबन्धमा कडा व्यङ्ग्य गरिएको छ । नेपाली समाजमा दौरा, सुरुवाल लगाएर आफ्नो जातीय संस्कृतिलाई जगेर्ना गर्नको साटो उल्टै यसको उपासना गर्न थालिएको अवस्थाप्रति निबन्धकारले यस निबन्धमार्फत चिन्ता प्रकट गरेका छन् । यसैकारण हाम्रा जतीय संस्कृतिलाई जोगाइराख्ने सन्देश निबन्धकारले दिएका छन् ।

**४.३.४ निसंस्मरण निबन्धसङ्ग्रहको विश्लेषण**

रामलाल अधिकारीको निसंस्मरण निबन्ध सङ्ग्रह सन् १९९५ मा प्रकाशन भएको हो । यस सङ्ग्रहमा सङ्कलित नेपालमा के छ ?, प्रोफेसर, जातीय हतियार, राईको होइन नेपालीको छोरो निबन्धहरू सङ्ग्रह पूर्व नै स्थानीय पत्रिकाहरूमा प्रकाशन भइसकेका थिए । पछि गएर सङ्ग्रहका रूपमा १९९५ मा पुन प्रकाशन भएका हुन् ।

यस सङ्ग्रहमा जम्मा १० वटा निबन्धहरू सङ्कलन भएका छन् । प्रत्येक निबन्धहरू आत्मपरक शैलीमा लेखिएका छन् भने समसामयिक विषयवस्तुलाई पनि निबन्धात्मक रूप दिइएको पाइन्छ । प्रस्तुत सङ्ग्रहको नाम 'विसंस्मरण' राखेर नेपाली शब्दकोषमा नै नयाा शब्द थप्ने काम गरेको निबन्धकार स्वयंको उक्ति छ । उनी भन्छन्- "प्रस्तुत पुस्तकको नाम

'निसंस्मरण' राखेर नेपाली भाषाका शब्द कोषमा नभेटिने शब्द निर्माण गरी मैले पाठकवर्गसमक्ष एउटा विवादास्पद भ्रम सिर्जना गरेको हुाला । वास्तवमा मैले के चाहेको हुा भने यो नयाा पारिभाषिक शब्दले साहित्यमा एउटा विद्याविशेषको संकेत गरोस् भन्ने कामना मात्र हो ।"[१८] यो भनाइबाट पुष्टि हुन्छ की सङ्ग्रहको नाम नै नवीन छ । वर्णन नामबाट सुरु गरेर निबन्धकारले नवीन विषयवस्तुको संयोजन गरेका छन् ।

'निसंस्मरण' निबन्ध सङ्ग्रह रामलाल अधिकारीको निबन्ध यात्राको तेस्रो चरणको उपज हो । यस सङ्ग्रहमा सङ्कलन भएका निबन्धहरू आत्मपरकताका साथै निसंस्मरणात्मक छन् । यात्रात्मक अनुभूतिलाई निबन्धकारले बढो रोमाञ्चपूर्ण तरिकाले प्रस्तुत गरेका छन् । नेपाल, भारतका विभिन्न भूभागहरू घुम्दा पाएका अनुभवहरू, देखिएका दृश्यहरूलाई रामलाले निबन्धात्मक रूप दिएर यस सङ्ग्रहमा समेटेका छन् । यही प्रसङ्गलाई लिएर कुमार प्रधान भन्छन्- "रामलालका निबन्धहरू कविता झै छन् । एउटा कविता पढ्दा जति भाव विभोर बनिन्छ उनको निसंस्मरण भित्र सङ्कलिन निबन्ध पढ्दा त्यो भन्दा कम हुादैन ।"[१९] यी भनाइहरूबाट के देखिन्छ भने रामलाल अधिकारीका यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू घोवा, सङ्क्षिप्त तथा निजात्मक अनुभूतिहरूले भरिएका छन् ।

यस सङ्ग्रहमा सङ्कलित निबन्धहरूको भाषा सरल तथा सहज छ । चलन चल्तिमा प्रचलित शब्दहरूको प्रयोगले निबन्ध पढ्दा बुझ्न कुनै व्यवधान झेल्नुपर्दैन । केही संस्कृतका तथा विषय अनुकूल अङ्ग्रेजीका शब्दहरूको पनि प्रयोग गरिएको छ ।

निष्कर्षमा भन्नुपर्दा यस सङ्ग्रहका निबन्धात्मक विशेषता भनेको आत्मपरकता,नियात्रात्मकता भाषिक सरलता आदि हुन् । यस सङ्ग्रहका केही

---

[१८] रामलाल अधिकारी, **निसंस्मरण**:, गान्तोक: दिलकुमारी भण्डारी, १९९५ प. ७।

[१९] कुमार प्रधान, **अ हिष्ट्रि अफ नेपाली लिटरेचर**, काठमाडौं: ई. १९६८ पृ. १६ ।

प्रतिनिधि निबन्धहरूको यसप्रकार विश्लेषण गर्न सकिन्छ । विश्लेषणको मूख्य आधार विषय क्षेत्र र भाषाशैलीलाई मनिएको छ ।

### (क) प्रोफेसर

प्रस्तुत निबन्ध आयमगत दृष्टिले सङ्क्षिप्त छ । शिक्षण पेशामा संलग्न व्यक्तिलाई प्रोफेसर भनी सबोधन गरेर उसले प्रोफेसर हुादा पाएका अनुभवहरूलाई आत्मपरक शैलीमा यस निबन्धमा देखाइएको छ । शिक्षण पेशामा संलग्न व्यक्तिले आफ्नो लामो समय विद्यार्थीसाग बिताउाछ । विद्यार्थीहरूले प्रोफेसर प्रति हेर्ने धारणा तथा अपेक्षा गरेको ज्ञान तथा कलेजमा हुने गरेका तीता मीठा अनुभवहरू नै यस निबन्धको कथ्य विषय हो । रामलालले आफू विद्यार्थी हुादाको अवस्थामा प्रोफेसरसागको व्यवहार र फ्रोसर भएपछि विद्यार्थीसाग गरिने व्यवहारलाई सङ्क्षिप्त शैलीमा यस निबन्धमा प्रस्तुत गरेका छन् ।

निबन्धको भाषा सरल तथा सहज छ । प्रसस्त अङ्ग्रेजी शब्दको प्रयोग भएको छ । शीर्षक नै प्राध्यापक जनाउन प्रयोग गरिने अङ्ग्रेजी शब्द प्रोफेसरबाट राखिएको छ । शैली आत्मपरक छ । कताकति सम्वादात्मक शैलीसमेत प्रयोग गरेका छन् ।

### (ख) दार्जिलिङ्गः काठमाडौंका दृष्टिमा

प्रस्तुत निबन्ध दार्जिलिङ्गलाई काठमाडौंसाग तुलना गरेर लेखिएको छ । दार्जिलिङ्ग काठमाडौंका दृष्टिमा कस्तो छ भनी त्यहााको भू बनोट, हावा पानी देखि सामाजिक,राजनैतिक, शैक्षिक, साहित्यिक सम्पूर्ण कुरालाई तुलना गरिएको छ ।

निबन्धमा अधिकारीले काठमाडौं आउादा आफूले भोगेका र पाएका चुनौतीहरूलाई दार्जिलिङ्गी समाजसाग तुलना गरेर हेरेका छन् । दार्जिलिङ्गबाट आउने नेपालीहरूलाई प्रवासी तथा मुङ्लाने भनेको सुन्दा निबन्धकार त्यसप्रति

टिप्पणी गर्दै भन्छन्- "काठमाडौंका वासिन्दाहरूले नेपाल बाहिरका नेपालीलाई अब उप्रान्त कसैले मुग्लाने नभनुन् ।"[२०] यसरी यस निबन्धमा अधिकारीले काठमाडौं आउादा देखे भोगेका राम्रा नराम्रा अनुभवहरूलाई निबन्धमा समेटेका छन् ।

निबन्धको शैली आत्मपरक तथा वर्णनात्मक छ । काठमाडौंका विभिन्न क्षेत्रहरूको वर्णन गरिएको छ । कता कति दार्जिलिङ्गसाग तुलना गरिएकाले तुलनात्मक शैली समेत पाइन्छ । जस्तै- "काठमाडौं भन्दा दार्जिलिङ्ग, प्राकृतिक सौन्दर्यमा उच्च छ ।"[२१]

**(ग) नेपालमा के भन्छन् ?**

प्रस्तुत निबन्ध अति सङ्क्षिप्त छ । पेजको हिसावले एक पेज मात्र छ । निबन्धको तत्त्व मध्ये एक तत्त्व सङ्क्षिप्तता हो । जस अनुसार यो निबन्धमा सङ्क्षिप्तताको पालना भएको छ । यो निबन्ध भानुविचार विशेषाङ्कमा प्रकाशन भएको थियो । त्यसलाई १९९५मा यस सङ्ग्रहमा सङ्कलन गरियो । छोटो समयमा उक्त पत्रिकालाई लेख उपलब्ध गराउनु पर्दा यो निबन्ध लेखेको कुरा निबन्धकारले बताएका छन् ।[२२]

यस निबन्धमा गुम्न लागेको नेपाली संस्कृतिप्रति चिन्ता प्रकट गरिएको छ । नेपाली भाषा तथा भेषभूषामा पाश्चात्य प्रभावले गर्दा ठूलो सङ्कट आउादैछ; फलस्वरूप नेपाली खानपान दौरा सुरुवाल भविष्यमा इतिहासमात्र बन्न सक्छ भन्ने कटु यथार्थ यस निबन्धमा देखाइएको छ । निबन्धको मुख्य विषय भनेकै गुम्नै लागेको नेपालीपन प्रतिको चिन्ता हो । अन्त्यमा निबन्धकारले आफ्नो भाषा संस्कृतिको जगेर्ना गर्ने सन्देशसमेत दिएका छन् ।

---

[२०] रामलाल अधिकारी, **निसंस्मरण**, गान्तोक प्रकाशिका दिलकुमारी भण्डारी (ई १९९५) पृ. १९ ।

[२१] ऐजन ।

[२२] ऐजन पृ. १६ ।

निबन्धकारले यस निबन्ध मार्फत नेपालमा पनि दार्जिलिङ्गमा झै भाषा, भेषभूषा, संस्कृतिलाई पाश्चात्य प्रभाव पर्न थालेको कुरा देखाएका छन् ।

### (घ) धनी हुने औषधी

प्रस्तुत निबन्ध हरिताल पाल्ने र त्यसबाट धनी हुन सन्छि भन्ने अन्धविश्वासलई लिएर आत्मपरक शैलीमा लेखिएको छ । यसमा निबन्धकार स्वयं आफ्ना घरमा हरिताल पालेको र हरितालले जेठोछोरो भोग खान्छ भन्ने कुराबाट त्रसित भएका छन् । बाबुले धनी हुनका लागि हरिताल पालेको कारणले आफ्ना घरमा साथीहरूले खान छाडेको कुरा पनि यहाा लेखिएको छ ।

समाजमा अन्धविश्वासले गतिसम्म प्रभुत्व जमाएको हुन्छ भन्ने कतु यथार्थलाई यस निबन्धले पर्दाफास गरेको छ । अर्को तर्फ अन्धविश्वासका कारण वालमनोविज्ञानमा पर्ने नकारात्मक असरलाई समेत देखाएका छन् । हरिताल पालेर धनी हुने तथा हरितालको कारणले निबन्धकारकै घरमा खान छोड्ने र हरिताले जेठो छोरो भोग खान्छ भन्ने डरले निबन्धकार जीन्दगीभरि पिरोलिएको कुराबाट अन्धविश्वासको नेपाली समाजमा प्रगतिको बाधक हो भन्ने कुरा पुष्टि हुन्छ ।

### (ङ) दार्जिलिङ्गका बोर्डिङ र काठमाडौंका बच्चा

प्रस्तुत निबन्ध प्रश्नोत्तर शैलीमा आत्मपरक ढङ्गले लेखिएको छ । श्री नगेन्द्र शर्माले लेखेको ‘यहाा एउटा क्लासिक जन्मिएछ’ भन्ने लेखको प्रतिक्रिया स्वरूप यो निबन्ध लेखेको स्वीकारोक्ति स्वयं निबन्धकारको छ ।[२३] काठमाडौंमा बसोबास गर्ने धनी तथा ठूलाबडा मनौदाहरूले आफ्ना बच्चाबच्चीलाई अङ्ग्रेजी पढाउन दार्जिलिङ पठाउने गरेको घटनालाई यस निबन्धको मूल विषयवस्तु बनाइएको छ । निबन्धकारले बोर्डिङ्ग र अङ्ग्रेजी स्कूल भन्ने शब्द

[२३] ऐजन पृ. ९ ।

एउटै होइन भन्ने प्रसङ्ग प्रस्तुत गर्दै काठमाडौं बासीहरूले अङ्ग्रेजी स्कूललाई नै बोर्डिङ भन्ने गरेको प्रसङ्ग समेत उठाएका छन् ।

प्रस्तुत निबन्धको भाषा सरल छ । कतिपय शब्द तथा वाक्यहरू अङ्ग्रेजीका प्रयोग गरिए पनि विषयवस्तुमा कुनै नकारात्मक असर पुगेको छैन । निबन्धमा विषयवस्तुलाई प्रति उत्तरात्मक शैलीमा व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

**(च) जातीय हतियार**

प्रस्तुत निबन्ध गोर्खाली जातीले विजय प्राप्त गर्न प्रयोग गरेको खुकुरीलाई विषयवस्तु बनाएर लेखिएको छ । यसैकारण यस निबन्धमा जातीय हतियार भनेर गोर्खालीहरूको महत्त्व पूर्ण हतियार खुकुरीलाई सङ्केत गरिएको छ । निबन्धको सुरुवात नै माधवप्रसाद घिमिरले लेखेको कविताबाट गरिएको छ । नेपालका विभिन्न क्षेत्रमा भएका युद्धहरूमा तथा भारतको दार्जिलिङ्गमा भएको युद्धमा गोर्खालीले खुकुरी मार्फत विजय हासिल गरेको प्रसङ्ग यहाा प्रस्तुत गरिएको छ । हिंड्दा गोर्खालीहरू यस हतियारलाई लिएर हिड्छन् भने सुत्दा सिरानमुनी राखेर सुत्छन् र दशैंमा पुजासमेत गर्ने गर्छन् । यसकारण खुकुरी गोर्खालीहरूको जातीय हतियार हो । निबन्धमा खुकुरीसाग सम्बन्धित विभिन्न भागहरूको समेत विवरण दिइएको छ । झुलो, चकचक, कइ, खिस्सा आदि खुकुरीसाग सम्बन्धित वस्तुहरूको निबन्धमा जानकारी दिइएको छ ।

**(छ) दार्जिलिङ्गका चियाबारीमा नेपाली समाज**

प्रस्तुत निबन्धमा निबन्धकार अधिकारीले दार्जिलिङ्ग समाजका नेपालीहरूले पाएको दुःख वेदनालाई विषयवस्तु बनाएका छन् । स्वास्नीमानिसहरू दिनभरि चिया टिप्न बगान जान्छन् । उनीहरूको जिन्दगी चियाबारीमा नै बित्छ । पुरुषहरूको दिनचर्या पनि चियावगानमा जानु र बेलुका घर फर्किनु नै रहेको छ । भारतको दार्जिलिङ्गमा भएको त्यत्रो ठूलो

चियाबारीमा काम गर्ने सबै नेपाली मजदुरहरू छन् । चियावगानमा नै नेपालीहरूको एउटा समाज बनेको छ । यही प्रसङ्गलाई लिएर निबन्धकारले दार्जिलिङ्गका चियाबारीमा नेपाली समाज शीर्षक राखी निबन्ध लेखेका हुन् ।

प्रस्तुत निबन्ध आयामका दृष्टिले मझौला प्रकारको छ । ३-४ पृष्ठको आकारमा संरचित प्रस्तुत निबन्ध भाषिक दृष्टिले पनि उपयुक्त छ । यसमा प्रयोग भएका भाषा सरल सहज तथा उपयुक्त छ । वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा हिन्दी तथा अङ्ग्रेजी भाषाका शब्दहरूको प्रसस्त मात्रामा प्रयोग भएको छ ।

**(ज) एउटा अबैध प्रेम पत्र**

प्रस्तुत निबन्ध पत्रात्मक शैलीमा लेखिएको आत्मपरक निबन्ध हो । निबन्धको सुरुवात सुमीलाई सम्बोधन गरेर प्रिय सुमी भनेर थालीएको छ। यस निबन्धमा निबन्धकारले आफूले सुमीसाग प्रेम गर्दाको अनुभवहरूलाई आत्मपरक शैलीमा लेखेका छन् । प्रेम प्रसङ्गलाई यस निबन्धको मुख्य विषयवस्तु बनाइएको छ । यहाा निबन्धकारले अल्लारे अवस्थामा विचार नपुऱ्याइ प्रेम गर्ने र पछि प्रेम असफल भएपछि पागल बन्ने विकृतिप्रति व्यङ्ग्य समेत गरेका छन् ।

निबन्धको भाषाशैली, सरल सहज तथा बोधगम्य छ । पत्रात्मक शैलीमा लेखिएको यस निबन्धमा निबन्धकारले प्रेमका नाममा हुने गरेका विकृतिमाथि व्यङ्ग्यसमेत गएको छ ।

**(झ) सामान्य एक पिरियड आफ्नै कलेजमा**

प्रस्तुत निबन्धमा रामलालले आफूले कलेजमा क्लास लिन लाग्दाको अनुभहरूलाई आत्मपरक शैलीमा प्रस्तुत गरेका छन् । कलेजमा दिनभरि पढाउने वर्षदिन पछि परीक्षा लिने आदि एकता प्राध्यापकीय जीवनशैलीको

अभिव्यक्ति यस निबन्धमा गरिएको छ । एउटा प्रध्यापकले आफ्नो जीवन कसरी व्यथित गरेको छ । त्यसलाई अधिकारीले यस निबन्धमा वर्णन गरेका छन् ।

रामलाल अधिकारीले यस निबन्धमा अवर्स क्लास लिदा जस्तो अनुभव पाए त्यसैलाई संक्षिप्त रुममा व्यक्त गरेका छन् । 'प्रमपिण्ड' नाटक पढाउादा तथा 'मसान' नाटक पढाउादा विद्यार्थीहरूसाग भएका वार्तालाा समेतलाई निबन्धमा समेटेका छन् ।

प्रस्तुत निबन्धको भाषा सरल छ । चलन चल्तिका शव्दहरूको प्रयोग तथा शैली आत्मपरक छ । कताकति सम्वादात्मक शैलीलाई समेत अवलम्बन गरेको देखिन्छ ।

### (ञ) मेरो घरः कुनै समयको

प्रस्तुत निबन्ध सरल भाषामा आत्मपरक शैलीमा लेखिएको छ । लेखनाथको कविताांशवाट सुरुवात गरिएको यस निबन्धमा रामलालले आफ्नो ग्रामिण घरको स्मरण गरेका छन् । घरलाई दार्शनिक दृष्टिले समेत हेरेका छन् । घरमा भएको वाास, काठ आदिको स्मरण गर्दै रामलालले वर्तमान अवस्थामा बनेका आधुनिक घरहरूसागै त्यसलाई तुलना गरेका छन् ।

प्रस्तुत निबन्धको भाषाशैली सरल सहज, तथा वोधगम्य छ । बीच बीचमा कविताका अंशहरू समेत समावेश गरिएको हुलाले यसको शैली वर्णनात्मक तथा कवितात्माक छ । घर बनाउने सोख र घरको सजावटप्रतिको आडम्बरलाई यहाा निबन्धकारले कटु व्यङ्ग्यसमेत गरेका छन् ।

## ४.३.५ 'भैरवको भूत' निबन्ध सङ्ग्रहको विश्लेषण

रामलाल अधिकारीको 'भैरवको भूत' निबन्धसङ्ग्रह सन् २००१ मा प्रकाशन भएको हो । यस सङ्ग्रहमा खण्ड 'क' र खण्ड 'ख' गरी जम्मा ७ वटा निबन्धहरू सङकलित छन् । यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू आत्मपरक तथा व्यङ्ग्यात्मक छन् । समसामायिक विसङ्गतिलाई रामलालले यस

सङ्ग्रहमा सङ्कलन भएका निबन्ध मार्फत कटु आलोचना गरेका छन् । विशेष गरी दार्जिलिङको समाज र त्यहााका नेपालीहरूले पाएका दुःख वेदनालाई यस सङ्ग्रहभित्रका निबन्धहरूले उद्घोष गरेका छन् ।

गोर्खाल्याण्डको आन्दोलन र त्यसका नाममा भारतीय प्रहरीले गरेको दमन तथा आन्दोलनको समाप्तिपछि नेपालीहरूमा छाएको निरासा, उपलब्धिहीनता, कुण्ठा आदिलाई रामलालले आत्मपरक शैलीमा निबन्धमार्फत प्रस्तुत गरेका छन् । यस सङ्ग्रहमा सङ्कलित 'मैतेकी आमाको कैरन', 'सुन्दर र समाधि' 'नेपाली भएरै जन्मने', 'भैरवको भूत', अर्ध र अक्षता' भार हाम्रो कि नहाम्रो' आदि निबन्धहरू उत्कृष्ट व्यङ्ग्यात्मक तथा आत्मपरक पनि छन् ।

दार्जिलिङ्मा नेपालीहरूले पाएको दुःख, उनीहरूको दयनीय आर्थिक अवस्था स्वतन्त्रताका लागि गरेको संघर्ष आदि विषयवस्तुको सेरोफेरोमा नै यो सङ्ग्रह घुमेको छ । जसको उदाहरण 'मैतेकी आमाको कैरन' शीर्षक निबन्धबाट दिन सकिन्छ । यस निबन्धमा मैते जस्तो सोझो नेपालीलाई गोर्खाल्याण्डको आन्दोलनमा निर्ममतापूर्वक अमानवीय ढङ्गले मारिएको छ । जीवन भोगाइका क्रममा लामो समयसम्म दार्जिलिङ्ग बसेका रामलालले त्यहााको यथार्थता लाई वस्तुगत रूपमा टिपेर निबन्धात्मक रूप दिएका छन् ।

भाषाशैलीलाई विश्लेषण गर्दा रामलालले यस सङ्ग्रहमा सङ्कलित निबन्धहरूको भाषा सधन तथा सरल र व्यङ्ग्यात्मक छ । विषयवस्तु अनुसार हिन्दी, संस्कृत र अङ्ग्रेजीका शब्द तथा वाक्यको समेत प्रयोग गरेका छन् । निबन्ध लेखनको लामो साधनापछि यो सङ्ग्रह निस्किएकाले हुन सक्छ यसको भाषिक प्रौढता र परिपक्वता समेत उत्कृष्ट छ । सरल शैली, आत्मपरक अभिव्यक्ति तथा व्यङ्ग्यात्मकता रामलालको यस सङ्ग्रहको साझा विशेषता हुन् । यिनले आफ्ना निबन्धमार्फत गुम्न लागेको मानवीय मर्मप्रति चिन्ता प्रकट गर्दै मानवीय मूल्यको स्थापना गर्न खोजेका छन् । यिनको निबन्धमा यात्राका क्रममा भोगेको यथार्थता प्राकृतिक सौन्दर्य र नेपाली समाजको छवी समेत

पाइन्छ । विषयगत विविधतामा सहज भावपूर्ण वहकाइले गर्दा अधिकारीलाई तारानाथ शर्माले देवकोटाको उत्तराधिकारीका रूपमा लिदै भुवु चुाडाउने अभिव्यक्तिद्वारा सरल र सहज सलसलाउादा वाक्यहरू गठन गरी अधिकारीका कलमले निबन्धात्मक चमत्कार सिर्जेको हुन्छ भनी उल्लेख गरेको छ ।

**(क) मृत्युको आभास**

प्रस्तुत निबन्ध 'भैरवको भूत' सङ्ग्रहमा सङ्कलित पहिलो निबन्ध हो । यो निबन्ध आत्मपरक शैलीमा लेखिएको छ । यसमा केही दार्शनिक चिन्तन पनि प्रस्तुत गरिएको छ । श्रीमद्भगवत गीतामा वर्णन गरिएको जीवन, मृत्यु, देहदेहीको विषयलाई समेत निबन्धमा देखाइएको छ । मृत्युलाई मुख्य विषयवस्तु बनाएर अधिकारीले आफ्ना अनुभव दर्शन र तर्कहरूलाई यहाा प्रस्तुत गरेका छन् ।

निबन्धको भाषा सरल छ । बीच बीचमा तुकबन्दी युक्त पद्यलाई पनि समावेश गरिएको छ । गीताका श्लोकहरूलाई पनि आवश्यकता अनुसार प्रयोग गरिएको छ । आत्मपरक शैलीलाई चयन गरेर लेखिएको यस निबन्धमा अधिकारीको भावनात्मक अभिव्यक्ति पाउन सकिन्छ ।

**(ख) नेपाली भएरै जन्मिने**

यस निबन्धमा नेपाली जाति र जातीय विशेषता प्रति गर्व गरिएको छ । नेपाली जातीले देखाएको वीरता, इमान्दारीताको कदर गर्दै रामलालले अर्को जन्म हुने भए नेपाली नै भएर जन्मने इच्छा प्रस्तुत निबन्धमार्फत प्रकट गरेका छन् । यस निबन्धको मुख्य विषय भनेको रामलालका साथी भरत जी यादवले नेपाली प्रति देखाएको मोह नै हो । लामो समयसम्म दार्जिलिङ्गमा जागिरे जीवन विताएका यादव त्यहााका नेपालीहरूको इमान्दारीपन, वीरता लगनशीलता आदिबाट मोहित बनेर नेपाली भएर जन्मिन नसकेकोमा प्रकट गरेको दुःखलाई रामलालले निबन्धात्मक रूप दिएका छन् ।

निबन्धको भाषाशैली सरल तथा प्रौढ परिपक्क छ। मुख्यतया आत्मपरक शैलीको प्रयोग गरिए पनि बीच बीचमा संवादात्मक शैली समेत आएको छ। सङ्क्षिप्त आकारमा लेखिएको यस निबन्धमा हार्दिकता पाउन सकिन्छ। भनाइलाई तोड मोड नगरी सोझै प्रस्तुत गरिएकाले निबन्धले व्यङ्ग्यात्मक रूप भने लिन सकेको छैन।

## (ग) मैतेकी आमाको कैरन

प्रस्तुत निबन्धमा दार्जिलिङ्गी समाजमा नेपाली जातीले पाएको दुरदसालाई उद्घोष गरिएको छ। गोर्खाल्याण्डको आन्दोलनमा नेपाली युवकहरूले पाएको दुःख भारतीय सेनाले उनीहरूमाथि गरेको दुर्व्यवहार आन्दोलनका नाम भए गरेका विसङ्गति आदि विषयलाई अधिकारीले यस निबन्धको केन्द्र विन्दु बनाएका छन्। आफ्नो छोरालाई भेट्न जाादा मैतेकी आमालाई सिपाईकी आमा भनी आन्दोलनका उग्रवादीहरूले अति यातना दिएर मारेको घटनालाई निबन्धमा मार्मिक रूपमा प्रकट गरिएको छ।

यस निबन्धमा मानवीय मूल्यलाई खोतल्ने प्रयास गरेका छन्। मान्छेलाई मान्छेका रूपमा व्यवहार नगरी पशुजन्य व्यवहार गर्नेप्रति अधिकारीले तीव्र आलोचनासमेत गरेका छन्। गुम्दै गएको मानवताप्रति आलोचना गर्दै दार्जिलिङ्गे समाजका आडम्बरीहरू प्रति कटु व्यङ्ग्य समेत यस निबन्धमा पाउन सकिन्छ।

यो निबन्ध आत्मपरक शैलीमा लेखिएको छ। बीच बीचमा संवादहरूको पनि प्रयोग गरिएकाले कताकति नाटकीय शैलीसमेत प्रयोग हुन पुगेको छ। दार्जिलिङ्गमा प्रचलित शब्दहरूले गर्दा निबन्धमा केही कोशीय विचलन भएका शब्दहरू समेत पाइन्छ।

## (घ) गीत र भजन

यस निबन्धमा रामलालले गीत र भजनको समानता र भिन्नता देखाएका छन् । प्रस्तुत निबन्ध व्यङ्ग्यात्मक छ । भजन गाउने भनेर भेला भई बिस्तारी-बिस्तारी पप गीत गाउने वर्तमान युवा पुस्तामाथि रामलालले कडा व्यङ्ग्य समेत रहेका छन् । यस निबन्धको मुख्य विषयवस्तु भनेको पनि युगीन विसङ्गति हो ।

यो निबन्ध आत्मपरक शैलीमा लेखिएको छ । विषयवस्तुलाई घुमाइ फिराइ प्रस्तुत गरिएकाले निबन्ध व्यङ्ग्यात्मक बन्न सकेको छ भने ठाउा ठाउामा संस्कृत तथा अङ्ग्रेजी शब्दको प्रयोगले विषयको अझ व्यापकता दिन खोजेको पाइन्छ ।

**(ङ) के उपाधि दिने त ?**

यो निबन्ध अधिकारीको हास्यव्यङ्ग्यात्मक निबन्धमध्ये एक प्रमुख निबन्ध हो । अधिकारीले यस निबन्धमा गायिका अरूणा लामाको गायन क्षमतालाई मुख्य विषयवस्तु बनाएका छन् । सुमधुर गीत गाउने अरूणा लामालाई सबैले चिन्छन् आम संगीतप्रेमी बोध लामा चर्चित छिन्, यिनको सङ्गीत साधनाप्रति सबैको मोह छ । कलेजमा शिक्षकदेखि विद्यार्थी सबैले अरूणा लामा कै गीत गुनगुनाउाछन् । यस्ती प्रख्यात गायिकालाई के संज्ञावाट संवोधन गर्ने भनी अधिकारीले निबन्धको विषयवस्तु समाएका छन् । सोही अनुसार निबन्धको शीर्षक पनि 'के उपाधि दिने' राखेका छन् ।

निबन्धको भाषाशैली सरल छ । बीच बीचमा संवादात्मक शैलीको प्रयोग गरे पनि मुख्य शैली भने आत्मपरक छ । निबन्धको सुरुवात नै अरूणा लामाको गीतबाट गरिएको छ । यसकारण निबन्ध सङ्गीतात्मकसमेत बन्न पुगेको छ ।

**(च) झाँक्री नाच**

प्रस्तुत निबन्ध व्यङ्ग्य प्रधान निबन्ध हो । यस निबन्धमा व्यङ्ग्यात्मक शैलीमा अधिकारीले आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । निबन्धमा बालमनोविज्ञानलाई समेत केलाउने प्रयास गरिएको छ । सानो हुादा घरमा झााक्री बोलाएर चिन्ता राखेको सम्झना गर्दै अधिकारीले झााक्रीप्रतिको अवधारणा यस निबन्धमा पोखेका छन् । विरामीको उपचार धामी झााक्रीबाट गर्ने नेपाली रुढीबादी परम्पराप्रति निबन्धमा व्यङ्ग्य समेत गरिएको छ ।

अधिकारीले झााक्रीले ढुङ्ग्रो बजाउादै लहङ्गा लगाएर नाच्दा आफूलाई डर लाग्ने तथा उसको चमत्कार देखेर साााच्चै देवता हो भन्ने भ्रम समेत हुने गरेको प्रसङ्ग पनि यस निबन्धमा केलाएका छन् । निबन्धको मुख्य कथ्य विषय पनि नेपाली परम्परामा विद्यमान रुढीग्रस्थ समाज नै हो ।

**(छ) अर्थ र अक्षता**

प्रस्तुत निबन्ध व्यङ्ग्य प्रधान निबन्ध हो । हिन्दू धर्मअनुसार पूजा गर्दा वा आरधनामा देवताको अर्ध र अक्षता प्रयोग गरिन्छ । देवतालाई अर्घ चढाए वा अक्षताले पूजा गरे प्रसन्न भएर देवताले वरदान दिन्छन् भन्ने रुढीलाई निबन्धको मुख्य कथ्यविषय बनाइएको छ । निबन्धमा परम्पराप्रतिको मोह तथा अन्धविश्वासप्रति व्यङ्ग्यात्मक आलोचना पनि गरिएको छ । संस्कारका नाममा हुने गरेका युगीन विसङ्गतिलाई निबन्धले मुख्य विषयको रूपमा समेटेको छ ।

यो निबन्ध आत्मपरक शैलीमा लेखिएको छ । निबन्धमा प्रयुक्त भाषा प्रौढ तथा खादिलो पाइन्छ । अधिकारीको निबन्ध लेखनको लामो समयको साधना पछि यो निबन्ध लेखिएकाले भाषिक चमत्कार देखिएको हो । आकारका दृष्टिले निबन्ध सङ्क्षिप्त भए पनि अभिव्यक्तिका दृष्टिले यथार्थ र निकै गहन हुन पुगेको छ ।

## ४.४ रामलाल अधिकारीको निबन्धगत प्रवृत्तिको विश्लेषण

नेपाली साहित्यका विविध विधामा कलम चलाएका रामलाल अधिकारीले निबन्ध विधामा विशेष प्रतिष्ठा कायम गरेका छन् । उनका निबन्ध परात्मक वा वस्तुपरक भन्दा बढी आत्मपरक वा निजात्मक छन् । आत्मपरक निबन्ध लेख्ने लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान र शङ्कर लामिछाने आदि निबन्ध क्षेत्रका उच्च प्रतिष्ठित व्यक्तिहरू हुन् । यिनै निबन्धकारका दाजोमा अधिकारीका निबन्ध परिपक्वक भनिएता पनि भविष्यमा यिनीहरूको रिक्त स्थान अवश्य ओगट्ने कुरालाई स्वीकारिएको छ ।[२४] यिनका प्रारम्भिक अभ्यासकालमा लेखिएका निबन्धहरूमा नै सफल निबन्धकारिताको आभास पाइन्छ ।

निबन्ध विषय र संरचनात्मक स्वरूपको दृष्टिकोणले स्वतन्त्र किसिमको गाथा रचना भएकोले यसको वर्गीकरण पनि विभिन्न आधारमा गर्न सकिन्छ । विद्वानहरूले निबन्धको विभाजन विभिन्न रूपमा गरेतापनि मुख्यतया निम्न दुई आधारमा गर्न सकिन्छ ।

१. आत्मपरक वा निजात्मक निबन्ध

२. वस्तुपरक वा परात्मक निबन्ध

रामलाल अधिकारीका पत्रपत्रिकामा प्रकाशित तथा निबन्ध सङ्ग्रहमा सङ्ग्रहित सबै निबन्धहरूको विश्लेषण गर्ने क्रममा विषयगत स्वरूप, विषयस्रोत, प्रस्तुतीकरण, अदि बेग्लाबेग्लै आधारबाट निबन्धको अध्ययन गर्ने प्रयास गरिएको छ ।

रामलाल अधिकारीका मूलतः आत्मपरक वा निजात्मक निबन्धकार हुन् । निजात्मक निबन्धलाई साहित्यिक र परात्मक निबन्धलाई असाहित्यिक पनि भनिन्छ ।[२५] यस दृष्टिकोणबाट अधिकारीका निबन्ध हेर्दा निजात्मक बढी भएकोले साहित्यिक कोटिमा गणना हुने उत्कृष्ट निबन्ध मान्न सकिन्छ ।

[२४] रामलाल अधिकारी, **निसंस्मरण**, भूमिका भानुभक्त कुमाई गान्तोक १९९४ ई. पृ. १४

[२५] डा. ईश्वर वराल, **सयपत्री**, (काठमाडौंः २०१३) पृ. ४९ ।

यिनका निबन्धगत निजात्मकताभित्र पनि वर्णन विवरण कतै खोजपूर्ण विकृति, कतै भावुक अभिव्यक्ति र कतै व्यङ्ग्यको समिश्रण पाइन्छ । निजात्मक प्रवृत्तिभित्र वर्णन र विवरणलाई भावुकता, व्यङ्ग्य र संस्मरण जस्ता उपभेदहरूमा विभाजन गरेको पाइन्छ । तिनलाई देहायबमोजिम विश्लेषण गर्न सकिन्छः

**(क) वर्णनात्मक विवरणात्मक प्रवृत्ति**

अधिकारीले निबन्धमा वस्तु, घटना, परिवेश, स्थान आदि परिवेशलाई तथ्यगत रूपमा उतार्दा काल्पनिकता र सहजताका साथै प्रासङ्गिक सम्वाद र उपाख्यान पनि प्रस्तुत गरेका छन् । यिनको यो निजात्मकता भित्र देखिने वर्णनात्मक प्रवृत्ति हो । यस खालका निबन्धहरू सीलगढीको नेपाली संस्था, 'एसिया (७२) को बंगलामा दार्जिलिङ्ग "मैले खैनी खान छोडे" आदि आत्मपरक प्रवृत्ति भएर पनि वर्णनात्मक निबन्ध हुन् । यिनमा वर्णित विषयवस्तुको प्रस्तुतीकरणमा निबन्धकारको वैयक्तिक छाप पाइन्छ ।

यसैगरी गम्भिर, अमूर्त र अनुभूतिपूर्ण विषयवस्तुमाथि गरिएको विचारलाई वैयक्तिकताको रङ्गमा रङ्गाएर प्रस्तुत गर्नु यिनको विवरणात्मक निबन्धको मुख्य वैशिष्ट्य हो । यिनका यस प्रकारका निबन्धमा बुद्धिमत्ताको प्रदर्शन चतुरतासाथ गरिएको छ । यिनका एकसय एक, नेपाली 'अन्ध विश्वास' 'वाहुन पाती पढ्छ' 'मैले खैनी खान छोडे', 'लक्षित जााड रक्सी', 'विचरो कुखुरो', 'म ठूलो भएाछु', 'रामायणका दाजुभाई', 'मान्छेको पुच्छर' आदि यस कोटीका निजात्मकता भित्र पर्ने विवरणको पक्षसमेत रहेका निबन्धहरू हुन् । यी निबन्ध मार्फत निबन्धकारले विषयको पक्ष प्रतिपक्षको उद्घाटन गरी उल्लेखनीय निष्कर्ष प्रदान गरेका छन् । आदर्श नीति तथा उपदेशात्मक कथनलाई निबन्धकारले मनोरञ्जन र रसिला उक्ति तथा दृष्टान्तहरूलाई लालित्यपूर्ण एवं सरल ढङ्गबाट प्रस्तुत गरेका छन् ।

**(ख) भावनात्मक प्रवृत्ति**

मानवीय भाव र आवेगहरूको प्रस्तुतिकरण भावनात्मक प्रवृत्ति भएका निबन्धमा पाइन्छ । भोगेको कुरालाई ग्रहण गरी प्रस्तुत गर्नु भन्दा स्वकीय भावनाभूतिलाई यस कोटीका निबन्धमा प्रस्तुत गरिएको हुन्छ । यस्ता निबन्धमा निबन्धकारले जीवनमा प्राप्त गरेका अनुभव अनुभूतिलाई हार्दिक पक्षबाट स्वस्फूर्त रूपमा अभिव्यक्त गरेका छन् । यस प्रवृत्तिका निबनधहरूमा 'लभ' पढेको मूर्ख', 'रामलाल र म', 'आइमाइ रुादा', 'म संसद सदस्य हुादो हूा त', 'विहे गर्ने रहर लाग्दा', 'गृहस्थीको समाधि', 'पोइल गएकी स्वास्नीको छोरोसाग', 'हामी यस्तै गर्छौं', 'धनी हुने औषधी', 'म ठूलो भएाछु' आदि प्रमुख रहेका छन् ।

### (ग) व्यङ्ग्यात्मक प्रवृत्ति

रामलाल अधिकारीले आफ्ना निबन्धहरूमा सजीव हृदयस्पर्शी तर रोचक तरिकाले व्यङ्ग्य प्रहार गरेका छन् । 'भोकाएको कुकुर के भन्छ ?' शीर्षक उनको पहिलो निबन्ध हो । जसमा बढो चतुरता एवं कुशलतार्पूक व्यङ्ग्य प्रहार गरेका छन् ।[२६] व्यङ्ग्यको प्रस्तुतीकरण भएको उत्तरोत्तर निबन्ध लेख्न क्रममा अझ प्रखर बन्न गएको छ । भाषा र भावको सहजतामा बग्ने अधिकारी नेपाली जीवन, भारतीय परिवेश र यी दुवैमा व्याप्त विसङ्गतिपूर्ण अवस्थालाई राम्रो दृष्टिकोण राखेर प्रत्यक्षीकरण गर्दै व्यङ्ग्यात्मक दृष्टिले सुधारको सन्देश दिन सक्षम देखिन्छन् । समाजका विश्रृङ्खलित तत्त्व र सामाजिक शोषण र उत्पीडन एवं साम्प्रदायिक अनेकताप्रति अधिकारीका निबन्धमा असन्तोष र व्यङ्ग्यको सफल प्रयोग भएको पाइन्छ । उनको हरेक निबन्धमा सूक्ष्म व्यङ्ग्य प्रयोग भएको पाइन्छ । उत्कृष्ट व्यङ्ग्यात्मक प्रयोग भएका निबन्धहरू 'भोकाएको कुकुरले के भन्छ ?', 'दौरा सुरुवाल', 'वाहुन कातर हुन्छन्', 'परदेशीले बनाएको ग्यारेजको देश', 'मान्छेको पुच्छर' आदि मुख्य छन् । कतिपय निबन्धमा सूक्ष्म व्यङ्ग्यको प्रस्तुतीकरण भएको पनि पाइन्छ ।

---

[२६] भानुभक्त कुमाई, पूर्ववत् पृ. १६ ।

### (घ) संस्करणात्मक तथा नाटकीय प्रवृत्ति

'कलेजमा प्रथम दिनको मेरो अनुभव', 'हिजो रातीको मेरो मनस्थिति', 'हवाइजहाजको पेटभित्र', आदि निबन्धहरू यिनका संस्मरणात्मक निबन्धहरू हुन् । निबन्धकारले जीवनमा भोगेका सुख-दुःख, हर्ष-विमर्श, अनुभव र अनुभूतिको प्रस्तुतीकरण यसमा पाइन्छ । आफूले स्मरण गरेका घटना दृष्यावलीहरूलाई काल्पनिक तरिकाले सहज अभिव्यक्ति दिँदै प्रस्तुत गरेका छन् । यस्तै यात्रामा आधारित संस्करणात्मक लेखमा तत् विषयक काल्पनिकता भर्दै आफूले यात्रा गर्दा बटुलेका अनुभवहरूलाई निबन्धमा सरल सुबोध तरिकाले प्रस्तुत गरेका छन् । यसैगरी संवादात्मक शैलीमा लेखिएको निबन्ध 'साथी सुदिन घोषसाग टेलिफोनमा' नाटकीय निबन्ध हो । यिनको 'रामलाल र म' शीर्षकको निबन्ध पनि नाटकीय शैलीमा लेखिएको छ । निबन्धमा संवादलाई समावेश गरी यिनले नाटकीय शैलीमा लेखिएको देखिन्छ । निबन्धमा संवादलाई समावेश गरेर नाटकीय शैलीमा आफ्ना अनुभवहरू पोखेका छन् ।

### (ङ) अन्य

रामलाल अधिकारीका माथिका निबन्धगत प्रवृत्तिका साथै सरल भाषाशैली, लामा शीर्षकको चयन, मानवीय मूल्यको उद्घाटन जस्ता विशेषताहरू समेत केलाउन सकिन्छ । निबन्धमा सामाजिक रुढीवादी परम्परा, विकृति, विसङ्गति आदिलाई वर्ण्य विषयवस्तु लिएर अधिकारीले वक्रोक्तिपूर्ण शैलीमा व्यङ्ग्य गर्दै आत्मभिव्यञ्जन प्रस्तुत गर्ने नौलो परिपाटीलाई अगि सारेको पाइन्छ । यिनै निबन्धगत प्रवृत्तिलाई अङ्गालेर निबन्ध क्षेत्रमा देखापरेका अधिकारी आत्मपरक निबन्धकारका रूपमा चर्चित छन् ।

**पाँचौं परिच्छेद**

# उपसंहार

भारतीय नेपाली साहित्यको क्षेत्रमा निबन्ध विधामा साधनारत रामलाल अधिकारीका हालसम्म प्राप्त निबन्धको आधारमा उनको निबन्धगत विशेषता र मूल्याङ्कनलाई औंल्याउन सकिन्छ । उनका आफ्ना प्रारम्भिक लेखनकालको रचना भोकाएकी कुकुर के भन्छ ?' निबन्ध सङ्ग्रहले अभ्यासकालीनताको परिचय दिन्छ । यसमा निहित व्यङ्ग्यपूर्ण अभिव्यक्तिबाट भविश्यमा निजात्मक निबन्ध विधाका उल्लेखनीय निबन्धकार बन्ने पूर्णरूप परिलक्षित भएको पाइन्छ ।

भारतीय नेपाली साहित्यिक यात्राको अत्याधुनिक काल ईं १९४७ पछिका सशक्त प्रवृत्तिका साथ देखापर्ने निबन्धकारको रूपमा रामलाल अधिकारीलाई लिन सकिन्छ ।[२७] अधिकारीलाई मूलतः व्यङ्ग्य निबन्धकारको रूपमा मान्न सकिन्छ । साहित्यको विविध विधामा कलम चलाउने तर निबन्धमा प्रतिभाको चमत्कार देखाउने उनका पााच निबन्ध सङ्ग्रहको साथै एक दर्जन जति पत्रपत्रिकामा प्रकाशित छन् । अधिकारीका निबन्धहरूमा नेपाली समाजमा प्रचलित कुप्रथा, जातिगत विशेषता, मानवस्वभाव साथै आत्मपरक निबन्धमा शिष्ट हास्य लुकेका हुन्छन् ।[२८]

कुनै वस्तुबारे खास विचार प्रकट गर्नु हृदयचन्द्र सिंह प्रधानका विचारात्मक निबन्ध झैं रामलालका शुरुका निबन्धहरूको वैशिष्टता रहेको छ । निबन्ध लेखनका सन्दर्भमा आफ्ना मूलभूत मान्यता अनुभव वा विचारलाई सशक्तरूपमा अभिव्यक्ति गर्दै निष्कर्ष दिने परिपाटी रामलालको रहेको छ ।

---

[२७] असीत राई, **भारतीय नेपाली साहित्यको विकासक्रम**, दार्जिलिङ्, नेपाली अकादमी (ई १९८६) पृ. २२

[२८] ऐजन ।

रामलाल अधिकारी व्यक्ति सत्तात्मक निबन्ध लेखेर भारतीय नेपाली साहित्यिक विधामा आत्मपरक निबन्धकारका रूपमा प्रतिष्ठित बनेका छन । शङ्कर लामिछाने झैं आत्मपरक निबन्ध परम्परालाई अघि बढाउने उद्यमशील निबन्धकार अधिकारीले आफ्नो छुट्टै विशेषता लिएर अघि बढेको देखिन्छ । अधिकारीले निबन्धलाई गफाडी टिप्पणीका ढााचामा प्रस्तुत गर्न रुचाउाछन् ।[29] व्यङ्ग्यभन्दा बढी विनोदशीलता चिन्ताजनको निस्सारता लाग्दो गहिराइ भन्दा दृश्यावलोकनको मनमोहक र सर्वमान्य फैलावट उनका निबन्धका मौलिक विशेषता हुन् । बालकृष्ण सम र देवकोटाबाट प्रवर्तित विचारपूर्ण भावोत्तेजक आत्मपरक निबन्धको परम्परालाई विकास दिनेहरूमा रामलाल अधिकारी प्रतिनिधि निबन्धकारका रूपमा आउन सक्छन् ।[30]

अधिकारीका निबन्धमा परिष्कृत तथा सहज सम्प्रेष्य भाषाको प्रयोग पाइन्छ । आधुनिक कालका निजात्मक निबन्धकारका परम्परामा संस्मरण, व्यङ्ग्य र केही दार्शनिक पक्ष समावेश गर्ने रामलाल अधिकारी प्रतिष्ठित प्रतिभाका रूपमा चर्चित छन् । उच्च शिक्षाका पाठ्यपुस्तकमा पनि यिनको निबन्धात्मक कृति रहेबाट यस कुराको पुष्टि हुन्छ ।

रामलालको निबन्धात्मक शैलीलाई सङ्केत गर्दै ईश्वर बराल भन्छन् - “रामलाल अधिकारीले कटुमधुर अनुभवको व्याख्या सहित वृतान्त लोभनी पाराले निबन्ध प्रस्तुत गरेका छन् । सामाजिक विसङ्गति विकृति, रुढीबादी अन्धोपन प्रति तीव्र भर्त्सना गर्नको अतिरिक्त निबन्धमा स्वानुभूत सकस, कहर, विशता र विषम समस्याको चित्रण निर्व्याजरूपले गरेका छन् ।”[31] तीव्र युगचेतना सांस्कृतिक सचेतता राष्ट्रियताको बोध उनका निबन्धगत वैशिष्तता पनि हुन् ।

---

२९ घनश्याम नेपाल, **निबन्ध नन्दन**, गान्तोकः जनपक्ष प्रकाशन ई. १९९२, पृ. १६ ।

३० गोपीकृष्ण शर्मा (सम्पा.) **मेरो सिद्धान्त विहीन सिद्धान्त** (काठमाडौं : साझा प्रकाशन, २०४६), पृ. २६.....

३१ डा. इश्वर, **बाल सयपत्री**, काठमाडौं, २०१३ ।

अधिकारीका निबन्धमा शोध र अनुसन्धानको प्रवृत्ति पनि पाइन्छ । आफ्नो भनाइलाई पुष्टि गर्नका लागि यिनले विद्वानका विचार, अनुभूतिलाई समेत स्पष्ट पारेका छन् । विवरणात्मक प्रवृत्तिका निजात्मक निबन्धमा पनि यी प्रवृत्तिहरू पाइन्छन् । अधिकारीका निबन्ध सरल, स्पष्ट र सुबोध छन् ।

तारानाथ शर्माका अनुसार “सजिलो भाषामा चाखलाग्दा निबन्ध लेख्ने अधिकारीका शैलीले मन तान्छ ।”[घद्द] संवादात्मक शैलीमा सफल निबन्ध लेख्ने अतः अधिकारीका निबन्धगत वैशिष्ट पनि उल्लेखनीय छ ।

निष्कर्षमा भन्नुपर्दा रामलाल अधिकारी सम्पूर्ण नेपाली साहित्यको परिप्रेक्ष्यमा प्रखर प्रतिभासम्पन्न विशेष निबन्ध विधामा देखा परेका साहित्यकार हुन् । रामलाल अधिकारी नेपाली निबन्धको फाँटमा आत्मपरक निबन्ध लेख्ने देवकोटाकै उत्तराधिकारी होइन भन्ने कुराको कुनै पुष्टि छैन ।[घघ] नेपाली निबन्ध क्षेत्रमा रामलाल अधिकारी हृदयचन्द्र सिंह प्रधान, शङ्कर लामिछाने र लक्ष्मीप्रसाद देवकोटा कै अनुयायी हुन् भनी ठोकुवा गर्न सकिन्छ ।

---

[३२] तारानाथ शर्मा, पूर्ववत्, पृ. ८५ ।

[३३] तारानाथ शर्मा पूर्ववत्, पृ. १२ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी रामलाल; भोकाएको कुकुरले के भन्छ ? दार्जिलिङ्ग : स्वयं प्रकाशकलाई (ई.१९६३)

अधिकारी रामलाल; रविसप्तमी, दार्जिलिङ्ग : स्वयं प्रकाशन (ई. १९७४)

अधिकारी रामलाल; अलौटा र ठेट्ना, दार्जिलिङ्ग : अचला भगवती (ई. १९७७)

अधिकारी रामलाल; निसंस्मरण, गान्तोक, दिलकुमारी भण्डारी (ई. १९९५)

अधिकारी रामलाल; भैरवको भूत, दाजिलिङ् स्वयं प्रकाशन (ई. २००१)

अधिकारी रविलाल; नेपाली निबन्धको विकास : दार्जिलिङ्ग स्वयं प्रकाशन (ई २००३)

अर्याल भैरब; सम्पा, साझा निबन्ध, काठमाडौं : साझा प्रकाशन (२०४०)

आचार्य कृष्णप्रसाद; साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको जीवनी व्यक्तित्त्व कृतित्त्वको विश्लेषणात्मक अध्ययन, त्रि.वि. मा प्रस्तुत स्नातकोत्तर शोधपत्र (२००३) अप्रकाशित

उपाध्याय केशवप्रसाद; साहित्य, चौं.सं. काठमाडौंः साझा प्रकाशन (२०४४) ।

काुवर उत्तम; स्रष्टा र साहित्य चौ.स. काठमाडौंः साझा प्रकाशन २०३३ ।

क्षत्री अशोक; नेपाली निबन्ध यात्रामा रामलाल, मिरीकः चियाबारी प्रकाशन, ई. २००४ ।

क्षत्री जगत; गुरु रामलालसँग मेरो भेट, दार्जिलिङ्ः नेपाली साहित्य सम्मेलन (ई. २०००)

गिरी मधुसोधन; लोकसाहित्य पूर्णधुनिक नेपाली साहित्य र नेपाली निबन्ध, काठमाडौंः क्षितिज प्रकाशन २०५९ ।

गैरे ईश्वरीप्रसाद; लोकसाहित्य पूर्वाधुनिक साहित्य र आधुनिक नेपाली निबन्ध, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५९ ।

घिमिरे कृष्णचन्द्र; निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको निबन्धकारिताको विश्लेषण र मूल्याङ्कन (त्रि.वि मा प्रस्तुत शोधपत्र २०३८)

जोशी कुमारबहादुर; विकीर्ण चिन्तन, काठमाडौं : साझा प्रकाशन २०३३

ज्ञावली हेमराज; हास्यव्यङ्ग्य नेपाली निबन्ध परम्परा र विकास, भद्रपुरः समता प्रकाशन २०६० ।

प्रधान प्रताप; नेपाली निबन्ध आलोकन, दार्जिलिङ्गः दीपा प्रकाशन, ई. १९८३ ।

भट्टराई घटराज; प्रति प्रतिभा र नेपाली साहित्य, काठमाडौंः नेशनल रिसर्च एसोसिएट्स, २०४० ।

शर्मा मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, शोध विधि, काठमाडौंः साझा प्रकाशन दो.सं. २०५५ ।

शर्मा गोपीकृष्ण; नेपाली निबन्ध परिचय, काठमाडौंः रत्न पुस्तक भण्डार (२०५७)

शर्मा मोहनराज, नेपालका केही आधुनिक साहित्यका, द्वि.सं. काठमाडौंः सहयोगी प्रेस, २०४० ।

सुवेदी राजेन्द्र; नेपाली निबन्धः सङ्क्षिप्त अध्ययन, गरिमा, वर्ष २ अङ्क १, पृ. ३१ ।

सुवेदी राजेन्द्र; 'स्रष्टा सृष्टिः द्रष्ट्रा दृष्टि', द्वि.सं. काठमाडौंः साझा प्रकाशन २०४९ ।

सुवेदी राजेन्द्र; सिर्जना लेखन सिद्धान्त र विश्लेषण, काठमाडौंः पाठ्यसामग्री पसल २०५७ ।

श्रेष्ठ दयाराम; साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ, काठमाडौं : त्रिकोण प्रकाशन २०६१ दो.सं.

श्रेष्ठ कमल; रामलाल अधिकारी निबन्धलेखन, दार्जिलिङ्ः स्वयंप्रकाशन ई. २००२ ।

श्रेष्ठ मनबहादुर; भारतीय भूमिका कर्मक्षेत्र बनाएका नेपाली साहित्यकारहरू, मिरीकः चियाबारी प्रकाशन ई. २००४ ।

त्रिपाठी वासुदेव र अन्य; नेपाली साहित्य श्रृङ्खला भाग १ र २, काटमाडौंः एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०५२ ।

## पत्रिकाको सूची

अर्याल मोहन, ‘रामलालको निबन्धमा आत्मपरकता’ चियावारी साप्ताहिक, दार्जिलिङ् : वर्ष १ अङ्क ४ ई. २००३

गुरुङ्ग तेजप्रकाश - ‘निबन्धको सैद्धान्तिक परिचय’, साहित्य मासिक, मिरिक : वर्ष १ अङ्क २ ई. २००५

गौतम धरणी, ‘निबन्धका तत्त्वहरू’, इलाम महोत्सव विशेषाङ्क २०५९ ।

रिजाल भीम, ‘रामलाल अधिकारी एक परिचय’, इलाम साप्ताहिक, वर्ष २, अङ्क १ ।

राई जगत, ‘भैरवको भूत निबन्धको विश्लेषण आाखा’, साप्ताहिक इलाम, वर्ष १, अङ्क ५, २०६१ ।

शर्मा नरहरि, ‘नेपाली साहित्यमा रामलाल अधिकारी’, दिप्ती सन्देश, मासिक, करफोकः वर्ष १ अङ्क १ ।

शर्मा जीवनहरी, ‘रामलाल को हुन् सङ्क्षिप्त परिचय’, सूत्रधार साप्ताहिक, इलाम बजारः वर्ष २ अङ्क ३ ।

शर्मा एल.एन, ‘दाजु रामलालको साहित्यमा योगदान’ चियावारी, दार्जिलिङ् : वर्ष ३, अङ्क-५ ।